
Secure Livelihoods Research Consortium

द्वन्द्व प्रभावित जीविकोपार्जन र सेवाहरूमा अनुसन्धान

# रोल्पामा शिक्षा सेवा र सेवाग्राहीको राज्यप्रतिको दृष्टिकोण




कार्यपत्र ३७

अनल तण्डुकार, सोनी केसी, विष्णुराज उप्रेती, सुमनवावु पौडेल, गोपीकेश आचार्य र पाउल हार्भे

अनुवादः अनल तण्डुकार र विष्णुराज उप्रेती

नेपाली भाषा शुद्धीकरणः शार्दूल भट्टराई

२०७२

Nepal Center for Contemporary Research

# हाम्रो बारेमा

सुरक्षित जीविकोपार्जन अनुसन्धान कन्सोर्टियम (सेक्योर्ड लाइभ्लिहुड्स रिसर्च कन्सोर्टियम) (एसएलआरसी)ले द्वन्द्व प्रभावित अवस्थामा आममानिस कसरी जीविकोपार्जन गरिरहेकाछन्, आफ्ना सन्तानलाई कसरी शिक्षा दिइरहेकाछन्, उनीहरूको स्वास्थ्यको कसरी ख्याल गरिरहेकाछन् र आधारभूत सेवाहरूमा उनीहरूको कस्तो पहुँच छ भन्ने बारेमा प्रमाणमा आधारित अनुसन्धान गर्ने लक्ष्य राखेको छ । द्वन्द्व प्रभावित अवस्थामा मानव कल्याण गर्नु, सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरूमा आममानिसको राम्रो पहुँच बनाउनु तथा जीविकोपार्जनमा सहयोग गर्नु आदिले सहस्राब्दी विकास लक्ष्य (एमडिजी)ले राखेको विकास लक्ष्य प्राप्त गर्न र शान्ति तथा राज्य–निर्माणमा अन्तर्राष्ट्रिय प्रयासलाई सार्थक बनाउनमा अत्यन्तै महत्व राख्छन् ।

कार्यक्रमको शुरुआतीवर्षमा गरेको गहन अध्ययनअनुरूप एसएलआरसीका तीनवटा मूल विषयवस्तुहरू छन् :

- राज्यको वैधताः द्वन्द्व प्रभावित अवस्थामा राज्य तथा स्थानीय प्रशासनप्रतिको अनुभव, धारणा तथा अपेक्षा ।
- राज्यको क्षमताः द्वन्द्व प्रभावित अवस्थामा सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरू प्रवाहगर्ने प्रभावकारी राज्यको निर्माण ।
- द्वन्द्व प्रभावित अवस्थामा जीविकोपार्जन प्रक्षेप पथ र आर्थिक गतिविधि

समुद्रपार विकास संस्थान (ओभरसिज् डिभलपमन्ट इन्स्टिच्युट) (ओडिआई) यस कार्यक्रमको नेतृत्वदायी संस्था हो । एसएलआरसी कार्यक्रमका साझेदार संस्थाहरू निम्नअनुसार छन् : नेपाल सेन्टर फर कन्टेम्पोरेरी रिसर्च (एनसिसिआर), सेन्टर फर पोभर्टी एनालाइसिस (सिइपिए)– श्री लंका, फेइन्स्टेइन इन्टरनेशनल सेन्टर (एफआइसी, टफ्ट्स युनिर्भसिटी), द अफगानिस्तान रिसर्च एण्ड इभ्यालुएसन युनिट (एआरइयू), द सस्टेनेवल डिभलपमन्ट पोलिसी इन्स्टिच्युट (एसडिपिआई) – पाकिस्तान, डिजास्टर स्टडिज् अफ वागेनइनगेन युनिर्भसिटी (डब्लुयुआर) – नेदरल्यान्ड्स र द फुड एण्ड एग्रिकल्चर अर्गनाइजेशन (एफएओ) ।

सेक्योर लाइभ्लीहुड रिसर्च कन्सोर्टियम
ओभरसिज डिभलपमेन्ट इन्स्टिच्युट
२००३ ब्ल्याकफ्रियर्स रोड,
लन्डन SE1 8NJ, ब्रिटेन

टेलिफोनः +४४ (०)२० ७९२२ ८२२१
फ्याक्सः +४४ (०)२० ७९२२ ०३९९
इमेलः slrc@odi.org.uk
वेबः securelivelihoods.org

अस्वीकारोक्तिः यस अनुसन्धानमा व्यक्त विचारहरू सम्बन्धित लेखकका निजी हुन् र यहाँ प्रस्तुत गरिएका विचारले डिएफआइडी, आइरिस एड, युरोपियन कमिशन, एसएलआरसीका एनसिसिआर लगायतका साझेदार संस्थाहरूका विचारको प्रतिनिधित्व गर्छन् भन्ने छैन । एसएलआरसीका अनुसन्धानले द्वन्द्व प्रभावित अवस्थामा जीविकोपार्जन, सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरूको प्रवाहजस्ता विषयमा जानकारी तथा विश्लेषण गर्दछन् । एसएलआरसीको यो र यस्तै अन्य अनुसन्धानहरू http://securelivelihoods.org/publications.aspxमा अंग्रेजी भाषामा उपलब्ध छन् ।

एसएलआरसी अनुसन्धान प्रतिवेदनहरूलाई आफ्ना प्रकाशन सामाग्रीहरूमा उद्धृत गर्न पाठकहरूलाई पूर्ण स्वतन्त्रता छ । यद्यपि, एसएलआरसीको प्रतिलिपि अधिकार अनुरूप सूचनाको स्रोतको सम्बोधन गर्न र प्रकाशित सामग्रीको एक प्रतिलिपि उपलब्ध गराउन अनुरोध छ ।

# विषयसूची


**हाम्रो बारेमा** **क**

**तालिका र चित्रहरू** **ख**

**१. एसएलआरसीको परिचय, पृष्ठभूमि र उद्देश्य** **३**

**२. नेपालमा शिक्षा सेवा वितरणको अवस्था** **३**

**३. विश्लेषणात्मक खाका र अध्ययनको कार्य–पद्धति** **६**

- ३.१. विश्लेषणात्मक खाका ६
- ३.२. अध्ययनको कार्य–पद्धति ७

**४. नतिजा : रोल्पाका व्यक्तिहरूको पहुँच, गुणस्तर, किफायती तथा उत्तरदायित्वप्रति धारणा** **९**

- ४.१. भौतिक पहुँच ९
- ४.२. वित्तीय पहुँच १०
- ४.३. प्रशासनिक बाधा ११
- ४.४. सामाजिक बाधा १२
  - ४.४.१. स्कूलबाट बाहिरिनेप्रति धारणा १२
- ४.५. विद्यार्थीको उपस्थिति (हाजिरी) र सन्तुष्टिप्रतिको धारणा १४
  - ४.५.१. विद्यार्थीको उपस्थितिमा (हाजिरी) नियमितताप्रतिको धारणा १४
  - ४.५.२. स्कूलप्रतिको सन्तुष्टि १७
- ४.६. श्रोत र सेवाको उपलब्धता २०
  - ४.६.१. मानव संसाधन २०
  - ४.६.२. शिक्षकहरूको गुणस्तर र योग्यता २१
  - ४.६.३. स्कूलमा रहेका सेवा सुविधा र पूर्वाधार २२
  - ४.६.४. छात्रवृत्ति र अन्य प्रावधानहरू २२
- ४.७. उत्तरदायित्व र वैधानिकता २३
  - ४.७.१. शैक्षिक अधिकारीहरूको व्यवहार २३
  - ४.७.२. शैक्षिक बजेटको बाँडफाँड २४
  - ४.७.३. गाविस र सरकारी कर्मचारीहरूको भूमिकाप्रतिको धारणा २५
  - ४.७.४. स्कूल व्यवस्थापन समितिप्रतिको धारणा २६

**५. निष्कर्ष** **२७**

**६. सन्दर्भ सूची** **२९**


# तालिकाहरू र चित्रहरू

**तालिकाहरू**


तालिका १: स्कूलमा जानको लागि चाहिने समय, लिवाङ्ग २२


**चित्रहरू**


चित्र १ : उत्तरदाताहरूको संख्या पृष्ठभूमिको आधारमा ८

चित्र २ : स्कूलमा विद्यार्थीहरूको उपस्थिति (हाजिरी) १५

चित्र ३ : उत्तरदाताहरूको सन्तुष्टिको स्तर १७

## १. एसएलआरसीको परिचय, पृष्ठभूमि र उद्देश्य

सेक्योर्ड लाइभ्लिहुड्सरिसर्च कन्सोंटियम (एसएलआरसी) एक छ वर्षीय विश्वव्यापी अनुसन्धान कार्यक्रम हो जुन सन् २०११ सालमा स्थापना भई जीवीकोपार्जन, आधारभूत सेवाहरू,सामाजिक सुरक्षा सम्बन्धी द्वन्द्व प्रभावित अवस्थाहरूमा काम गर्दै आइरहेको छ । यो कार्यक्रमलाई डिपार्टमेन्ट फर इन्टरनेशनल डेभलप्मेन्ट (डिएफआइडी)संस्थाले आर्थिक सहयोग गर्दै आइरहेको छ र यो अनुसन्धान हाल सात देशमा संचालित छजसमा अफगानिस्तान, पाकिस्तान, नेपाल, श्रीलंका, केन्या लोकतान्त्रिक गणतन्त्र, दक्षिण सुडान र युगान्डा रहेका छन् । यस अन्तर्गत नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्चले (एनसिसिआर) एसएलआरसीको कार्यक्रम नेपालमा संचालन गर्दै आइरहेको छ । यसअन्तर्गत एनसिसिआरले पहिलो चरणको *लङ्गिच्युडनल सर्भे* सन् २०१२ मा सम्पन्न गरी जीविकोपार्जन, आधारभूत सेवाहरू, सामाजिक सुरक्षा सम्बन्धी तथ्याङ्क संकलन गरिएको थियो ।

शिक्षा हरेक मानिसको आधारभूत अधिकार हो र हरेक मानिसले यो अधिकार न्यून शुल्कमा उपभोग गर्नपाउनुपर्छ । नेपालको सन्दर्भमा हेर्दा सरकारले प्राथमिक शिक्षा निशुल्क रूपमा प्रदान गर्दै आइरहेको छ र माध्यमिक तथा उच्च माध्यमिक तहको शिक्षामा न्यून शुल्क लिँदै आइरहेको छ । तर नेपालको परिपेक्ष्यमा ग्रामीण भेगका मानिसले निजी विद्यालयबाट प्रदान गरिने शिक्षाको खर्च व्योहोर्न नसक्नुका कारणले गर्दा मानिसहरू सरकारी विद्यालयमा निर्भर हुनुपर्ने आवश्यता रहेको छ । यसै परिपेक्ष्यमा यो कार्यपत्रले आफ्नो मुख्य उद्देश्यको रूपमा रोल्पा जिल्लाका लिवाङ्ग र बुढागाउँ गाविसहरूमा मानिसको शिक्षा सेवाप्रतिको धारणालाई बुझ्ने प्रयासगरेको छ ।

यस अध्ययनको सिलसिलामा ५२ जना व्यक्तिसँग गम्भीर अन्तर्वार्ताद्वारा त्यहाँ रहेको सरकारी शिक्षा सेवाबारेकोजानकारी, सेवाको पहुँच, प्रभावकारिता र उत्तरदायित्व कस्तो रहेको छ भन्ने अवस्थाको जानकारी लिइएको थियो । यो अध्ययनले सरकारी शिक्षाको माध्यमबाट त्यहाँका मानिसको सरकारी सेवाप्रति द्वन्द्वकाल पश्चातको धारणा, अनुभव तथा अपेक्षाहरूमा कस्तो प्रभावपर्न गएको भन्ने अवस्था दर्शाउन खोजेको छ । साथै, यो अध्ययन शिक्षा सेवाप्रति भएको राम्रो अनुभवले गर्दा मानिसमा राज्यको अन्य सेवा तथा वैधानिकताप्रति राम्रो धारणा रहेको अथवा नराम्रा अनुभवले गर्दा सरकारप्रतिको विश्वास चुकेकाकुराहरूप्रति केन्द्रित रहेको छ ।

यो अध्ययनले एसएलआरसी अनुसन्धानको विषयलाई मध्यनजर गर्दै सेवा प्रवाह तथा राज्य निर्माणमा शिक्षाको कस्तो भूमिका एवं योगदान रहेको छ भन्ने कुराऔंल्याएको छ । यो अध्ययन सन् २०१२ मा गरिएको मात्रात्मक (quantitative) अध्ययनको तथ्याङ्कमा आधारित छ । जनमानसमा रहेको शिक्षा सेवाप्रतिको धारणा र अनुभव राज्यले प्रदान गर्ने अन्य सेवा–सुविधाहरूसँग कसरी जोडिएको छ भन्ने कुराको अन्वेषण यो अध्ययनले गरेको छ ।अध्ययनले मूलतःमात्रात्मक अध्ययनका नतिजाहरूमा आधारित रही गुणस्तरीय अध्ययनमा ध्यान दिएको छ ।

## २. नेपालमा शिक्षा सेवा वितरणको अवस्था

नेपालमा औपचारिक रूपमा विद्यालयद्वारा प्रदान गरिने शिक्षा उन्नाइसौं शताब्दी बाटशुरुआत भएको देखिन्छ ।तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले सन् १९५४ मा दरबार हाइस्कूल स्थापना गरेका थिए (नेपाल सरकार; शिक्षा मन्त्रालय, २००९; कुलुङ्ग, २००८)। तर नेपालमा करिब एक सय वर्षपश्चात राणा शासनको अन्त्यपछिमात्र नेपालको शैक्षिक प्रणालीले नयाँ युग प्रवेश गरेको थियो (उप्रेती र सहयोगीहरू, २०१२) त्यसपश्चातमात्र नेपालमा निजी विद्यालयको स्थापना तथा उन्नति भएको देखिन्छ (पौड्याल, २०१३) ।

नेपालको वर्तमान अवस्थाको कुरा गर्दा अहिले नेपालको ध्यान सन् २०१५ भित्र सत प्रतिशत विश्वव्यापी प्राथमिक शिक्षा हासिल गर्ने सहस्राब्दी विकास लक्ष्य (एमडिजी) मा केन्द्रित छ । निजी विद्यालयहरूले प्रदान गर्ने शिक्षा सेवा धेरै कम मानिसहरूको लागिमात्र किफायती देखिएकोछ जसका कारण राज्यले ग्रामीण भेगमा गुणस्तरीय शिक्षाको सेवा किफायती मूल्यमा सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

नेपाल सरकारको तर्फबाट पनि राज्यको प्राथमिक तहको शिक्षामा सत प्रतिशत भर्ना गरी सहस्राब्दी लक्ष्य पूरा गर्ने प्रतिबद्धता विद्यालय क्षेत्र सुधार योजना (स्कूल सेक्टर रिफर्म प्ल्यान)मार्फत प्रस्तुत गरिएको छ । नेपालमा औसत प्राथमिक स्कूल भर्ना हुनेहरूको संख्या सन् १९९० देखि सन् २०१३ मा ६४ प्रतिशतबाट ९५.३ प्रतिशतमा वृद्धि भएको तथ्याङ्कले देखाएको छ (नेपाल सरकार र राष्ट्रिय योजना आयोग, २०१३) । साथैअहिलेसम्मको आँकडा हेर्ने हो भने नेपालमा करिब ४१,९५९ सरकारी विद्यालयहरू छन् जसमध्ये १०,४७७ वटा निजी विद्यालयहरू रहेका छन् (एपइसी, २०११) । तुलनात्मक हिसाबले हेर्दा नेपालका सरकारी विद्यालयहरूको गुणस्तर, पठनपाठनका तरिका तथा सेवा सुविधाहरू निजी विद्यालयहरू भन्दा कम गुणस्तरीय देखिएकाले प्रायः अभिभावकहरूले निजी विद्यालय नै रोज्ने गरेको पाइएको छ (फेराली र सहयोगीहरू, २०११) । सन् २०१५ को आँकडा अनुसार पाँच भागमा एक भाग विद्यार्थीहरूले निजी विद्यालय रोजेको पाइएको छ (क्याडडेल, २००९) ।

सन् २०१२ मा नेपाल सरकारले नेपालमा रहेका सबै किसिमका विद्यालयलाई अनुगमन तथा नियमनगर्न एक विधेयक जारी गरेको थियो ।[1] यो विधेयक अनुसार हरेक विद्यालयमा एउटा ठूलो खेल्ने चौर, अनिवार्य रूपमा महिला र पुरुषशौचालय तथा हरेक ५० विद्यार्थीको लागि खानेपानीको धारा, हरेक २५ व्यक्तिका लागि पानीको फिल्टर, हरेक ५ सय विद्यार्थीका लागि पुस्तकालय, गुणस्तरीय खानाको व्यवस्था, हरेक महिनाको निरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुका साथै, पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामाग्रीहरू बेचविखन गर्न नपाइने तथा एउटा विद्यार्थीको लागि दुई जोर भन्दा बढी पोशाक राख्न नपाउने व्यवस्था गरिएको छ । सोही विधेयक अनुसार यदि कुनै पनि विद्यालयले यी उल्लेखित मापदण्डहरू पालना नगरेको खण्डमा, दुईवटा स्कूलहरू एउटैमा गाभ्ने तथा निजी विद्यालयले आफ्नो आम्दानीको १ प्रतिशत सरकारलाई शैक्षिक सेवा कर तिर्नुपर्ने प्रावधानलाई समेतउक्त विधेयकमा प्रस्ट गरिएको छ ।

नेपालका प्राथमिक विद्यालयहरूलाई विभिन्न किसिमका सहयोगहरूप्रदान गरिएको छ जसमध्ये द्विपक्षीय र बहुपक्षीय सहायता पनि एक हो (राष्ट्रिय योजना आयोग, २०१२) । यसका साथै विकासका विभिन्न साझेदारहरूले नेपालको प्राथमिक शिक्षाको विकासका लागि शिक्षकहरूको तालिम, क्षमता अभिवृद्धि कार्यक्रमहरू तथावालबालिकाहरूलाई विद्यालयतर्फ आकर्षित गराउन पोषणका कार्यक्रमहरूमा सहयोग पुऱ्याएको देखिन्छ ।

सन् २००६ मा भएको विस्तृत शान्ति सम्झौता पश्चात शिक्षा मन्त्रालय, युनेस्को, सेभ द चिल्ड्रेन लगायत संस्थाबीच शान्तिको लागि शिक्षा प्रचार गर्न साझेदारी गरिएको थियो (सेभ द चिल्ड्रेन, २०१०) । सेभ द चिल्ड्रेन नर्वेद्वारा विभिन्न कार्यक्रमहरू जस्तै *"विद्यालय एक शान्ति क्षेत्र"* तथा *"बच्चाहरू एक शान्ति क्षेत्र"* जस्ता कार्यक्रमहरू द्वन्द्वप्रभावित बालबालिकालाई विद्यालयमा भर्ना गर्नको लागि ल्याइएको थियो । यो अभियान देशभरि नै चलेको थियो । यसलाई सार्थक बनाउन विभिन्न संस्थाहरू जस्तै बाल श्रमिक सरोकार केन्द्र, नेपाल मानव अधिकार सूचना संस्थान तथा सेभ द चिल्ड्रेन युएसएद्वारा सहयोग गरिएको थियो (सिविन, २००३) ।

विस्तृत शान्ति सम्झौता पूर्व तत्कालीन द्वन्द्वको अवस्थामा नेपालमा रहेका विभिन्न निजी तथा सरकारी विद्यालयहरूमा ठूलो क्षति भएको थियो । कैयौं विद्यालय बन्द हुने अवस्थामा पुगेका थिए । देशभरका विभिन्न जिल्लामा रहेका करिब ३ हजार शिक्षकले आफ्नो जागिर त्यागेका थिए जहाँ द्वन्दको प्रभाव धेरै थियो । यसका साथै देशभरका करिब ७ सय विद्यालयद्वन्द्वको प्रभावले बन्द गरिएका थिए (ज्ञवाली, २००९) । द्वन्द्वमा सामेल द्वन्द्वरत पक्षले देशमा रहेका विभिन्न विद्यालयलाई आफ्नो युद्व शिविर बनाएका थिए जसले गर्दा विद्यालयहरूको माहोल तथा पढ्ने वातावरणनै बदलिदिएको थियो ।यसले विधार्थीहरूमा एक किसिमको घृणा उत्पन्न गरेको थियो र विद्यार्थीहरूको मनमा एक किसिमको निराशा र विद्यालयप्रति इन्कारको भावना जगाएको थियो । छोटकरीमा भन्नुपर्दा बालबालिकाहरू जो पढ्ने उमेरका थिए

[1] संस्थागत विधालय मापदण्ड तथा संचालन विधेयक (बि.सं २०६९)

उनीहरूको मौलिक हक अधिकार विभिन्न द्वन्द्वकालीन अवस्थाहरूजस्तै बन्द, हड्ताल, विस्फोट, भिडन्त, विद्यालय बन्द तथा तोडफोड जस्ता क्रियाकलापहरूलेप्रभावित भएको थियो।

चाखलाग्दो कुरा के छ भने, द्वन्द्वको समयमा द्वन्द्वरत पक्षबाट मात्र नभईकन सरकारी पक्षबाट पनि विद्यालयहरूमा संकटको स्थिति उत्पन्न गरिएको थियो। उपलब्ध तथ्याङ्कअनुसार माओवादी पक्षद्वारा करिब ६० जना शिक्षक तथा ६६ जना विद्यार्थी मारिएका थिए भने १ सय ५१ जना शिक्षकलाई बेपत्ता पारिएको थियोर ५ सय १६ जनाविद्यार्थी तथा ६२ जना शिक्षकलाई अपहरण गरिएको थियो। अर्कोतर्फ हेर्दा सरकारी पक्षबाट पनि ४४ जना शिक्षक र १ सय ७२ जना विद्यार्थीको हत्या गरिएको थियो। यसका साथै सरकारद्वारा १ सय ५८ जना शिक्षक र १ सय १५ विद्यार्थीलाई हिरासतमा लिएका थिए र करिब १४ जना शिक्षकलाई बेपत्ता पारिएको थियो (उप्रेती, २००६)।

सन् २००४ मा युनिसेफद्वारा *"विद्यालयमा स्वागत"* अभियानको स्थापना गरिएको थियो (लाओती, २००७)। यो कार्यक्रमले द्वन्द्वबाट प्रभावित बालबालिकालाई विद्यालयजाने अवस्था सिर्जना गर्न समर्थन गरेको थियो। सन् २००७ देखि २०११ को बीचमा, करिब १हजार ६ सय ५० बालबालिकालाई शिक्षाको पहुँच र तालिमको लागि समर्थन गरिएको थियो। सन् २०११ मा नेपाल सरकारद्वारा विद्यालयलाई *"विद्यालय एक शान्तिको प्रतीक"* भनी समर्थन गरी विद्यालयलाई कुनै पनि किसिमको बन्द तथा राजनैतिक हस्तक्षेपहरूबाट टाढा राख्न खोजिएको थियो (पन्त र सहयोगीहरू, २०१२)।

वर्तमान अवस्थाको कुरा गर्दा अहिले शिक्षाको क्षेत्रमा हुने खर्चमा वृद्धि भएको छ। शिक्षाको क्षेत्रमा खर्चवृद्धि गरिनुको एक प्रमुख कारणमा सहस्राब्दी विकास लक्ष्य र सबैको लागि शिक्षाको प्रतिबद्धता हो भने राज्यको साक्षारतामा वृद्धि गर्ने इच्छा र शिक्षाको क्षेत्रमा सुविधामा वृद्धि र अनुकूल पढाइको वातावरण सिर्जना गर्नु रहेको पाइन्छ (राष्ट्रिय योजना आयोग, २०१२)। शिक्षाको क्षेत्रमा बजेटको वृद्धि प्रायजसो प्राथमिक तहका विद्यालयमा भएको देखिन्छ र सो गर्नुका पछाडि सहस्राव्दी विकास लक्ष्य अनुसार विद्यार्थीहरूको शत प्रतिशत भर्ना गर्ने रहेको छ (राष्ट्रिय योजना आयोग, २०१२)। नेपाल सरकारले सन् २०१४ मा आफ्नो राष्ट्रिय बजेटको करिब १५.६५ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी गरेको देखिन्छ।नेपालमा शिक्षाको क्षेत्रमा रहेको बजेट सन् २०१३ मा ६०.१३ विलियनरुपैयाँ थियो भने यो बजेट सन् २०१४ मा ८०.९५ विलियन रुपैयाँ पुगेको थियो। बजेटको कूल रकममा १०.४६ विलियन रुपैंयाँवैदेशिक सहयोगबाट प्रदान गरिएको थियो भने करिब ४ सय ७५ मिलियन रुपैंयाँवैदेशिक ऋणद्वारा प्रदान गरिएको थियो। कूल शैक्षिक बजेटमध्ये पनि करिब २६.४१ विलियन रुपैयाँ प्राथमिक र पूर्व प्राथमिक तहका विद्यालयको लागि विनियोजन गरिएको थियो भने करिब १३.५ विलियन माध्यमिक तह तथा २६.६१ विलियन रुपैंयाँ उच्च तह तथा गैर औपचारिक शिक्षा क्षेत्रमा विनियोजन गरिएको थियो। हालसम्मको बजेट विनियोजनलाई मध्य नजर गर्ने हो भने शिक्षा क्षेत्रको बजेट नेपालको राष्ट्रिय बजेटमा उच्च स्थानमा रहिआएको छ (नेपाल सरकार, २०१४)।

यसै गरी बजेटको सन्दर्भमा कुरा गर्ने हो भने सन् २०१४ को बजेटले सामुदायिक रूपमा संचालित विद्यालयहरू जसले परीक्षामा उच्च नतिजा ल्याउन सफल भएका छन्, त्यस्ता विद्यालयलाई ५ लाख रुपैयाँ वार्षिक रूपमा जिल्लाबाट प्रदान गरिने प्रावधान ल्याएको छ।करिब १.८७ विलियन रुपैंयाँकरिब ६० हजार छात्राहरू, उत्कृष्ट तथा जेहेन्दार विद्यार्थीहरू, अपाङ्गगता भएका विधार्थीहरू तथा दलित र सीमान्तीकृत विद्यार्थीको छात्रवृत्तिको लागि छुट्ट्याइएको छ। यसैगरी करिब १.८५ विलियन रुपैयाँ निशुल्क पाठ्यपुस्तक वितरणका लागि विनियोजन गरिएको छ भने करिब १ विलियन रुपैंयाँ कम्प्युटर तथा अन्य जानकारीमूलक प्रविधिमा पहुँचको लागि विनियोजन गरिएको छ। यसैगरी करिब ७ सय ६० मिलियन रुपैंयाँ करिब १लाख५३ हजार ३ सय १४ जना शिक्षकको लागि कौशल विकास प्रशिक्षणमा विनियोजन गरिएको छ भने, करिब ६ सय ३० मिलियन रुपैंयाँ ३१हजार ५ सय जना युवा युवतीको लागि सिपमूलक तालिमहरू दिनको लागि विनियोजन गरिएको छ। यसका साथै नेपाल सरकारले करिब ६० हजार सडक बालबालिका तथा एचआइभी र एड्सबाट संक्रमित बालबालिकाहरू जसको शिक्षामा पहुँच कम छ त्यस्ता बालबालिकालाई विद्यालयमा सामेल गर्ने र निशुल्क शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ (नेपाल सरकार, २०१३क)।

नेपालको शिक्षा क्षेत्रमा विद्यालयहरूलाई सामुदायिक स्तरमा संचालन गर्ने कदम चालिएको छ । सन् २००३ देखि २००९ सम्ममा ८ हजार २ सरकारी विद्यालय सामुदायिक व्यवस्थापनको लागि हस्तान्तरण गरिएको थियो । हुन त यी विद्यालयको प्रमुख जिम्मेवारी तथा फैसलाको अन्तिम अधिकार सरकारमा निहित छ तर पनि विद्यालयको कुशल र प्रभावकारी संचालन र समुदायमा स्थानीय स्वामित्वको विकासको लागि यसको व्यवस्थापनको जिम्मेवारी समुदायमा हस्तान्तरण गरिएको हो । सरकारको यस कदमपश्चात द्वन्द्व प्रभावित क्षेत्रमा पनि विद्यालयहरूले आफ्नो प्रदर्शन अपेक्षित हिसाबभन्दा राम्रोसँग गरिरहेको पाइएको छ । यस्ता किसिमका रूपान्तरणहरूले गर्दा पनि प्राथमिक तहका विद्यालयमा विद्यार्थीको भर्नामा वृद्धि भएको देखिन्छ भने विद्यालय छोड्ने प्रवृत्ति कम देखिएको छ (विश्व वैंक, २००९) । सन् २०० ९ मा विद्यालय क्षेत्र सुधार योजना (एसएसआरपी) विद्यालयहरूलाई समर्थन गर्न ल्याइएको थियो र यसले कूल २.६ विलियन अमेरिकी डलर उक्त सहयोगको लागि विनियोजन गरेको पाइन्छ (फेराली र सहयोगीहरू, २०११) ।

यसै परिप्रेक्ष्यमा, यस अध्ययनले रोल्पा जिल्लाको शिक्षा सेवा कस्तो रहेको छ भन्ने कुरामा जोड दिएको छ । रोल्पा जिल्लामा करिब २ सय ९९ विद्यालयहरूरहेको तथ्याङ्क छ (नेपाल सरकार, २०१४बी) तर सो तथ्याङ्कअनुसार निजी र सरकारी विद्यालयको आँकडा छुट्ट्याइएको पाइँदैन । रोल्पा जिल्ला द्वन्द्वको उद्गम स्थल हो र सोही द्वन्द्वका कारणले शिक्षा क्षेत्रमा धेरै प्रभाव पर्न गएको थियो जसले गर्दा कैंयौं विद्यालयहरू ध्वस्त बनाइए भने कैयौं विद्यार्थीहरूलाई जवरजस्ती माओवादीमा भर्ती हुन बाध्य बनाइयो । विद्यालयमा भएका आक्रमणहरूले विद्यालयको संरचना र भौतिक पूर्वाधारहरूलाई तहसनहस बनाएको थियो । अर्को पाटोमा हेर्दायसले कैंयौं शिक्षकको ज्यान लिएको थियो र कैंयौंलाई मार्ने धम्की दिई आफ्नो पेशा त्याग्न बाध्य तुल्याएको थियो । यसैगरी विद्यार्थीहरूको हकमा हेर्दा पनि उनीहरूलाई द्वन्द्वरत पक्षमा सामेल हुन दबाब दिइएको थियो । विशेषगरी यस्ता खालका समस्याहरू ग्रामीण भेगमा धेरै देखापरेका थिए । यस्तै परिस्थितिलाई बुझ्न तथा शिक्षा सेवाका अवस्थाहरूको बारेमा अझ बढी जानकारी प्राप्त गर्न यो अध्ययन रोल्पा जिल्लाका सरकारी विद्यालयमा गरिएको हो । यो अध्ययनको लागि रोल्पा जिल्लाको सदरमुकाम लिवाङ्गमा रहेको श्री बाल कल्याण उच्च माध्यमिक विद्यालय तथा बुढागाउँ गाविसमा रहेको अर्को विद्यालय श्री जनकल्याण माध्यमिक विद्यालयलाई लिइएको थियो । यो अध्ययन तिनै दुईवटा विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकहरू तथा विद्यालयका पदाधिकारीहरूसँगको अन्तर्वार्तामा आधारित रहेर विवेचनासहित प्रस्तुत गरिएको छ ।

## ३. विश्लेषणात्मक खाका र अध्ययनको कार्यपद्धति

### ३.१. विश्लेषनात्मक खाका

यस अध्ययनमा एसएलआरसीद्वारा तयार गरिएकोविश्लेषणत्मकखाकाको प्रयोग गरिएको छ । यस खाकाले प्रस्तुत गरेअनुसार मानिसहरूको सरकारप्रतिको अवधारणा, सरकारले प्रदान गर्ने सेवाहरूप्रति उनीहरूको पहुँच र सो सेवालाई उपभोग गर्न सक्ने क्षमता आदीलाई आधार मानेर विश्लेषण गरिएको छ । यसलाई अर्को पाटोबाट बुझ्ने हो भने मानिसहरूको सरकारप्रतिको अवधारणा सकारात्मक तब हुन्छ जब उनीहरूले सरकारद्वारा प्रदान गरिने सेवाहरूको पहुँच उपभोग गरी आफ्नो आवश्यकता परिपूर्ति गर्न सक्छन् । यदि सरकारले प्रदान गर्नसक्ने अवस्था रहेन या मानिसहरुले सरकारद्वारा प्रदान गरिएका सेवाहरू सहज रूपमा पहुँच र उपभोग गर्न नसकेको खण्डमा सरकारप्रतिको धारणा नकारात्मकत देखिने बढी सम्भावना रहेको पाइन्छ । यसलगायत हरेक व्यक्तिको धारणामा आफ्नो जातजातिको, सामाजिक संरचना, जनसांख्यिक समूहका हिसाबले भिन्नता रहेको हुन्छ जुन भिन्नता खोज्नु पनि यो अध्ययनको एक मुख्य लक्ष्यको रूपमा लिइएको छ । सेवाहरूको पहुँच र यसको उपभोगमा आउने कठिनाइहरू बुझ्नको निमित्त विभिन्न आयामहरूको अध्ययन गर्नुपर्ने आवश्यकता रहेको हुन्छ र यी कठिनाइहरू जुन यस अध्ययनका मापदण्ड हुन् ती यस प्रकार छन् ः

- **भौतिक पहुँच** : शिक्षा सेवाको उपलब्धता, नजिकैको सरकारी विद्यालय पुग्न लाग्ने समय र रहेको दूरी।
- **वित्तीय पहुँच** : विद्यालयहरूले लिने शुल्कका (औपचारिक/अनौपचारिक/विद्यार्थी भर्ना गर्दा लाग्ने शुल्क भन्दा बाहिरको शुल्क/मासिक र वार्षिक शुल्क र अन्य किसिमका भईपरिआएको भुक्तानी) आधारमा शिक्षामा रहेको पहुँचमा बाधा।
- **सामाजिक–राजनैतिक बाधा** : लिङ्ग, जातियता, जात, धर्म, राजनितीका आधारमा हुने गरेको शिक्षामा रहेको बाधाहरु।
- **प्रशासनिक बाधाहरू** : शिक्षाको पहुँचको क्रममा पर्ने प्रशासनिक बाधा तथा झमेलाहरू, कर्मचारी लालफित्ताशाहीतन्त्र, भ्रष्टाचार ।

सरकारले प्रदान गर्ने सेवा र जनमानसको सरकारप्रतिको धारणा यी कुराहरूमा निर्भर हुन्छन् :

- सेवाको प्रभावकारिता, गुणस्तर र विश्वसनीयता
- सेवाको उत्तरदायित्व जुन दुईवटा कारणका आधारमा आँकलन गर्न सकिन्छ :

  क. सेवामा भएको पारदर्शिता, उत्तरदायित्व, उत्तरदायीपन, प्रभावकारिता र गुनासोको समाधान गर्ने क्षमता, तथा

  ख. नागरिकले विभिन्न औपचारिक र अनौपचारिक माध्यमहरूमार्फत स्थानीय सरकार तथा सरकारी कर्मचारीहरूको उत्तरदायित्व ग्रहण गराउन पार्नसक्ने क्षमता र प्रभाव ।


अन्तमा भन्दामानिसको केन्द्रीय सरकारप्रति र राज्यको वैधानिकताप्रति प्रभाव पार्नसक्ने मुख्य कारकतत्वहरू यस प्रकार रहेका छन् :

- राज्यको भूमिकाप्रतिको विद्ययमान आशा तथा राज्यले प्रदान गर्ने सेवा सुविधाको क्षमताले मानिसको आशा परिपूर्ति गर्न सक्ने कि नसक्ने अवस्था :
- केन्द्रीय सरकारको स्थानीय स्तरमा प्रभावकारी र उत्तरदायी ढङ्गले सेवा प्रदान गर्न सक्ने क्षमता ।

### ३.२. अध्ययनको कार्यपद्धति

यो अध्ययन सन् २०१२ मा रोल्पा, इलाम र बर्दिया जिल्लामा गरिएको लङ्गगिच्युडनल सर्भेको नतिजाको आधारमा गरिएको अध्ययन हो । गुणात्मक (क्वालिटेटिभ) अध्ययन सम्पन्न गर्नको निमित्त यस संस्थाका अनुसन्धाताहरूद्वारा विभिन्न सरकारी निकायका पदाधिकारीहरू जस्तै जिल्ला प्रशासन प्रमुख, जिल्ला विकास अधिकारी तथा अन्य व्यक्तिहरूसँगको सहकार्यको लागि बैठकद्वारा छलफल गरिएको थियो । यस अध्ययनको सिलसिलामा गाउँ विकास समितिका पदाधिकारीहरूसँग छलफल गरी लिवाङ्ग र बुढागाउँ गाविसलाई यस अध्ययनको लागि छानिएको थियो भने थवाङ्ग गाविसको विकटता र पहुँचमा कठिनाइको आधारमा अध्ययन गरिएको थिएन । यस अध्ययनले कार्यक्षेत्रमा रहेका मानिसको सामाजिक र आर्थिक अवस्था न्यून रहेको र उनीहरूलाई आफ्नो आधारभूत आवश्यकता परिपूर्ति गर्न कठिनाइ रहेको देखाएको छ । यो अध्ययनको लागि एउटा सुहाउँदो क्वालिटेटिभ प्रोटोकलको पनि विकास गरिएको थियो ।

**चित्र : पृष्ठभूमि अनुसार उत्तरदाताहरूको संख्या**




यस अध्ययनले सरकारी विद्यालयप्रति आम मानिसको अवधारणा प्रस्तुत गरेको छ। यस अध्ययनको लागि करिब ५२ जना उत्तरदाताहरू (लिवाङ्ग गाविसबाट २९ र बुढागाउँबाट २३) जना महिला र पुरुषमा बराबरी हुने गरी अन्तर्वार्ता लिई उनीहरूको आधारभूत सेवा (स्वास्थ्य, शिक्षा र खानेपानी) तर्फ कस्तो अनुभव रहेकोछ भनेर दृष्टिकोण लिने काम भएको थियो। यी उत्तरदाताहरू मध्ये २१ जना ब्राह्मण/क्षत्री, १९ जना जनजाति र १२ जना दलित[२] पृष्ठभूमिका थिए।

लिवाङ्ग तथा बुढागाउँमा रहेका उत्तरदाताहरूसँग लिइएका अन्तर्वार्ताहरू सरकारले प्रदान गर्ने आधारभूत सेवाहरूका बारेमा जनसाधारणको दृष्टिकोणको अध्ययनका निम्ति संकलित थिए। विशेष गरी उत्तरदाताहरू विद्यालयमा अध्ययनरत विधार्थीहरूका अभिभावक तथा गाउँघरका सर्वसाधारण मानिस थिए। विद्यार्थीहरूका धारणाहरू भने रेकर्ड गरिएका थिएनन् तर उनीहरूका जिज्ञासा एवं विचारहरूलाई पनि यो अध्ययनको विश्लेषणको क्रममा मध्यनजरमा राखिएको थियो। यसलगायत दुवै विद्यालयमा रहेका विद्यालय व्यवस्थापन समितिका केही पदाधिकारीहरूको पनि अन्तर्वार्ता लिइएको थियो। लिवाङ्ग गाविसको विद्यालयका हेडमास्टर र एक जना पुरुष प्रशिक्षार्थीको पनि अन्तर्वार्ता लिइएको थियो। तर अनुसन्धाताहरूले कुनै पनि महिला प्रशिक्षार्थीहरूको अन्तर्वार्ता लिन सकेका छैनन्। यसको मुख्य कारण भनेको उनीहरूको उचित समय नमिल्नुको कारण नै रहेको छ।

अन्तर्वार्ताका क्रममा टिपिएका नोटहरू तथा जानकारीहरू गुणात्मक प्रक्रियाबाट विश्लेषण गरी प्रतिवेदन तैयार पारिएको थियो। रोल्पा जिल्लामा शिक्षासम्बन्धी मानिसहरूका धारणाहरू र जानकारीहरू अन्वेषण गर्न केही कठिनाइहरू पनि भोग्नुपरेको थियो। यसमध्ये हामीले प्रायजसो सरकारी विद्यालयहरूमा पठनपाठन गराउने अभिभावकहरूसँग मात्र सीमित भई अन्तर्वार्ता लिएका थियौं जसले गर्दा निजी विद्यालयका अभिभावकहरूको धारणा प्रस्तुत भएको छैन। कुनै सन्दर्भमा उत्तरदाताहरूले आफ्ना छोराछोरीलाई पढाइरहेका विद्यालयको बारेमा पनि राम्ररी भन्न नसकेकोमा उनीहरूको जनचेतनाको स्तर न्यून रहेको भन्ने कुरालाईसङ्केत गरेको छ। यो अध्ययन एक जिल्लाका दुईवटा

[२] दलितहरु समाजका पिछडिएका वर्गहरूमा पर्दटन

सरकारी विद्यालयमामात्र सीमित छ र सोही कारणले यसबाट आउने निष्कर्ष अन्य जिल्लामा रहेका सरकारी विद्यालय तथा निजी विद्यालयहरूमा सामान्यीकृत गर्न नमिल्ने र एउटा उदाहरणको रूपमामात्र लिन मिल्ने छ ।

## ४. नतिजा : रोल्पाकाजनसाधारणको विद्यालयमा पहुँच, गुणस्तर, तथा उत्तरदायित्वप्रतिको धारणा

यस खण्डमा यो अध्ययनबाट प्राप्त शिक्षा सेवाको पहुँचमा हुने भौतिक तथा वित्तीय पहुँच, प्रशासनिक तथा सामाजिक बाधाहरूका नतिजाहरू प्रस्तुत गरिएको छ :

### ४.१. भौतिक पहुँच

नेपालको भौगोलिक अवस्था सेवाहरूको पहुँचमा प्रभाव पार्ने एउटा मुख्य कारक रहेको छ । नेपालको भूगोल पहिलेदेखि नै एउटा मुख्य चुनौतीको रूपमा रहेको छ जसले गर्दा मानिसलाई सामान्य सेवाको पहुँचको लागि पनि लामो समय हिँडंनु पर्ने वाध्यतारहेको छ । नेपालको सरकारी विद्यालय जहाँ निजी विद्यालयसरह हरेक किसिमका सुविधाहरू दिइन्छ अथवा बढी मात्रामा सुविधा भएका सरकारी विद्यालयहरू विशेष गरी जिल्लाको सदरमुकाममा स्थापित हुन्छन् । त्यसैले ग्रामीण भेगका मानिसहरूराम्रो शिक्षा सुविधा ग्रहण गर्नको निम्ति सदरमुकामतिर बसाइ सराइ गर्ने गरेका छन् । यी कारकतत्वहरूले गर्दा सरकारलाई शिक्षा सुविधाहरूजिल्ला सदरमुकाम सरह नै जिल्लाका ग्रामीण भेगहरूमा पनि विस्तार गर्नुपर्ने ठूलो दवाव रहेकोदेखिएको छ ।

यस अध्ययनले देखाएअनुसार मानिसहरूले विद्यालय जानको लागि चाहिने समय पहिलेको तुलनामा घटेको महसुस गरेको पाइएको छ । लिवाङ्गमा बस्दै आइरहेका उत्तरदाताहरूयहाँ राम्रो बाटोको सेवा सुविधा भएका कारणले उनीहरूको शिक्षामा पहुँच बढी रहेको धारणा राख्ने गर्दछन् । यस ठाउँका मानिसहरू बढीमा ३० मिनेटसम्ममा विद्यालय पुग्न सकिने कुरा प्रकट गर्दछन् । यस निष्कर्षलाई हेर्ने हो भने हामीले पहिले गरेको क्वान्टिटेटिभ सर्भेमा पनि करिब ८२.८ प्रतिशत केटाहरू तथा ८४.५ प्रतिशत केटीहरूको धारणा करिब ३० मिनेटसम्ममा विद्यालय पुग्न सकिने अध्ययनले देखाएको छ जुन टेबल १ मा प्रस्ट पारिएको छ । बुढागाउँको हिसाबमा हेर्ने हो भने यो समयअवधि अलि बढी रहेको छ र उनीहरूले विद्यालय पुग्न करिब १ घण्टासमय लाग्ने धारणा व्यक्त गरेका छन् । तर यी भौतिक बाधाका बाबजुद पनि उनीहरूको सरकारी विद्यालय जाने अवस्थामा कुनै पनि फरक नआएको र निजी तथासरकारी विद्यालयको पहुँचमा भौतिक भन्दा पनि बढी वित्तीय पहुँचले फरक पारेको यो अध्ययनले देखाएको छ ।

**टेवल १ : लिवाङ्गस्थित विद्यालय पुग्नको लागि विद्यार्थीलाई लाग्ने समय**

| लिङ्ग | करिब ३० मिनेटसम्म | ३१ मिनेटदेखि एक घण्टा | एक घण्टाभन्दा बढी |
|---|---|---|---|
| केटाहरू | ८२.८% | १२.८% | ४.४% |
| केटीहरू | ८४.५% | ११.५% | ४.०% |

*स्रोत : (उप्रेती र सहयोगीहरू, २०१४)*

यसै सन्दर्भमा उत्तरदाताहरूको टिप्पणीमा विभिन्न किसिमका फरक कुराहरू आएका थिए जुन यस प्रकार छन्:

> *मेरो छोरा बाल कल्याण स्कूलमा कक्षा एकमा भर्ना भई अध्ययनरत छ र म उसलाई दिनहुँ स्कूल पुऱ्याउन जान्छु । मलाई एकतर्फी स्कूल जान करिब २५ मिनेट लाग्ने गर्छ । मलाई स्कूल टाढा रहेको कहिले पनि महसुस भएको छैन । (उत्तरदाता ६, पुरुष, २३)*
>
> *कहिलेकाहीं मेरो छोरा स्कूल जान रुचाउँदैन । ऊ कक्षा ८ मा अध्ययनरत छ । स्कूल अन्तै गाविसमा पर्दछ र उसलाई करिब आदि घण्टा जति हिँड्नु पर्दछ । यदि कुनै बेला ठूलो पानीपरेको छ भनेर घरका कामहरू*

*अलिक बढी हुँदा ऊ स्कूल नगईकन मलाई सघाउन घरमैबस्दछ । अब यसमा म के भनूँ र । स्कूल टाढै छ । (उत्तरदाता ५१, पुरुष, दलित, ५१)*

*मेरी छोरीलाई स्कूल पुग्न करिब ५ मिनेट जति मात्र लाग्दछ । बाल कल्याण स्कूल एउटा राम्रो स्कूल हो । बाल कल्याण स्कूलमा धेरै टाढा बस्दै आएका मानिसहरूले आफ्ना छोराछोरी पठाउने गर्छन् । उनीहरूलाई करिब एक घण्टाभन्दा बढी पनि लाग्न सक्छ, तर केगर्ने हामीले हाम्राबालबच्चाहरूको भविष्यको पनि त ख्याल राख्नु पऱ्यो नि । (उत्तरदाता ३९,पुरुष, क्षत्री )*

उत्तरदाताहरूको टिप्पणीलाई मध्य नजर गर्ने हो भने निकटता, बाटोको अवस्था र प्रकार तथा मौसम भौतिक पहुँचका निर्धारक कारक तत्व रहेका छन् । लिवाङ्ग जस्तो जिल्लाको सदरमुकाममा पनि मौसमका कारणले भएकै बाटोलाई पनि असर पार्ने गरेको पाइन्छ । सहजरूपमा सवारीसाधनहरू विद्यालय जानका लागि नपाइने कारणले गर्दाखेरि मानिसहरू गन्तव्यको लागि हिँड्नुपर्ने बाध्यता रहेको छ । तर महिला र पुरुष दुवै उत्तरदाताहरूका अनुसार विद्यालय जान पहिलेको तुलनामा अहिले निकै सहज रहेको टिप्पणी गर्दछन् र यसको श्रेय विशेषगरी गाउँमा भएको सडक विस्तारलाई नै दिन्छन् ।

### **४.२. वित्तीय पहुँच**

वित्तीय पहुँचका आधारमा उत्तरदाताहरूकादृष्टिकोण अनुसार उनीहरूले जुन शुल्क विद्यालयमा बुझाइरहेका छन् त्यो शुल्क निजी विद्यालयको तुलानमा न्यून रहेको पाइएको छ । यस्ता किसिमकोधारणाले मानिसहरू किन आफ्ना बालबालिकाहरूलाई सरकारी विद्यालयमा पढाउँदै छन् भन्ने प्रमुख कारणदेखाएको छ । लिवाङ्गका बासिन्दाहरू त्यहाँ भएको सरकारी विद्यालयबाट धेरै सन्तुष्ट छन् तर बुढागाउँका मानिसहरू त्यहाँ भएको विद्यालयबाट खासै सन्तुष्ट छैनन् तर उनीहरूको एउटै विकल्प भनेको त्यही माध्यमिक विद्यालयमात्र रहेको थियो जसले गर्दा उनीहरूविद्यालयबाट सन्तुष्ट हुनैपर्ने अवस्था थियो । बुढागाउँमा रहेका मानिसहरूले यदि आफ्ना बालबालिकालाई माथिल्लो तह पढाउने इच्छा राखेमा उनीहरूलाई गाउँभन्दा बाहिर पठाइ पढाउनुपर्ने आवश्यकता रहेको छ ।

यो अध्ययनले देखाएअनुसार विद्यालयको धेरैजसो बजेट सरकारद्वारानै प्रदान गरिएको छ र केही अंशमात्र विद्यार्थीहरूको पढाइ शुल्कबाट आउने गरेको छ । कक्षा ५ सम्मको प्राथमिक तह निशुल्क पढाइन्छ र विद्यालयबाट नै पाठ्यपुस्तकहरूनिशुल्करूपमा प्रदान गरिन्छ । यो अध्ययनमा सामेल दुवै विद्यालयमा विद्यार्थीहरूको परीक्षा शुल्क कक्षाको आधारमा लिने गरिन्छ । यसभन्दा बाहेक भर्ना शुल्क, परिचय पत्र शुल्क, टाई, पेटी आदिको शुल्क लिने गरिएको छ । यी विद्यालयहरूमा नेपाली माध्यमबाट पढाइन्छ भने लिवाङ्गको विद्यालयले प्राथमिक तहमा अंग्रेजीमाध्यमबाट पढाउन थालिएको छ । यी दुबै विद्यालयले प्रतिविद्यार्थी वार्षिक १ हजार ४ सय ४० रुपैंयाँको हाराहारीमा पढाइशुल्क लिने गरेका छन् जुन सबै अभिभावकहरूले बेहोर्नुपर्ने खर्च हो । यी दुबै विद्यालयले विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गर्दै आइरहेका छन् । यसमध्ये दलित, पिछडिएकाहरू, न्यून आय भएका तथा जेहेन्दार विद्यार्थीहरू रहेका छन् । यसै अनुसार सन् २०१२ मा गरिएको लङ्गिच्युड्नल सर्भेमा पनि ५५ प्रतिशत पुरुष तथा ४९ प्रतिशतउत्तरदाताहरूले रोल्पा जिल्लाका विद्यालयहरूमा पढाइको शुल्क तिर्नुपर्ने देखाएको छ ।

यसै सन्दर्भमा उत्तरदाताहरूका केही भनाइहरू यसप्रकार छन् :

*हामीले एक वर्षमा करिब १ हजारदेखि २ हजारसम्म शिक्षा शुल्क तिर्छौं । हामीले भर्ना शुल्क, विद्यालय अनुपस्थिति शुल्क, परीक्षा शुल्क, क्यालेन्डर, परिचय पत्र, टाई, पेटी तथा कुनै कार्यक्रममाउपस्थिति जस्ता शुल्कहरू तिर्ने गरेका छौं । (उत्तरदाता ३, महिला, क्षत्री, ३०)*

*हामीले विद्यालयमा शुल्क तिर्नु पर्दैन । म केवल पेटी, टाई र कापी, कलमहरू किन्नको लागि पैसा तिर्छुँ ।(उत्तरदाता ५०, महिला, दलित, ३५)*

लिवाङ्गको विद्यालयले लिने कम मूल्य एउटा प्रमुख कारण हो जसले गर्दा यहाँका मानिसहरू आफ्ना बालबालिकालाई निजी विद्यालयभन्दा सरकारी विद्यालयमा पठाउने गर्दछन् । तर बुढागाउँको परिपेक्ष्यमा हेर्दा त्यहाँ निजी विद्यालयमा ५ कक्षासम्ममात्र पढाइ हुने हुनाले मान्छेहरू आफ्ना बालबालिकालाई सरकारी विद्यालयमा नै पठाउने गर्दछन् । यी दुबै ठाउँमा मान्छेहरूले आफ्ना बालबालिकालाई सरकारी विद्यालयमा पठाउने अर्को मुख्य कारण भनेको त्यहाँका मानिसहरूको निम्न आय स्रोत र कमजोर आर्थिक स्थिति रहेको छ । तर लिवाङ्गमा कोही यस्ता व्यक्ति पनि थिए जो आर्थिक रूपमा सवलभए पनि आफ्ना छोराछोरीलाई सरकारी विद्यालयमा नै पठाइरहेका छन्, जसका कारण हामी यो सन्देश लिन सक्छौं कि मानिसहरूको विश्वास सरकारी विद्यालयले जित्न सकिरहेका छन् । दलित विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएका कारणले गर्दा उनीहरूले शिक्षाको पहुँचमा कुनै किसिमको वित्तीय समस्या भोग्नु पर्दैन । तर बुढागाउँको सन्दर्भमा कुरा गर्ने हो भने त्यहाँका मानिस आफ्ना छोराछोरीलाई छात्रवृत्ति नदिएका कारण विद्यालय पठाउन असक्षम छन् र छात्रवृत्ति दलितहरूलाई मात्र दिने प्रक्रिया भेदभावपूर्ण रहेको प्रतिक्रिया जाहेर गरेका छन् ।

यस अध्ययनले देखाएअनुसार अभिभावकहरूले आफ्ना बालबालिकाको पढाइको क्रममा केही अतिरिक्त शुल्क पनि तिर्नुपरेको छ । यस्तोशुल्क विद्यार्थीहरूले जब एसएलसी दिने समय हुन्छ तब उनीहरूलाई अतिरिक्त कोचिङ पढाउने क्रममा लाग्ने गर्दछ । यस किसिमका प्रतिक्रियाहरूले मानिसहरूले शिक्षाप्रति बढी महत्व दिइँदै आइरहेको अवस्था दर्शाउँछ रआर्थिक रूपमाकमजोर भएतापनि आफ्ना बालबालिकालाई पढाउनु पर्छ भन्ने चेतना उनीहरूमा जागृत भएको देखिन्छ ।

### ४.३. प्रशासनिक बाधाहरू

नेपालका सरकारी विद्यालयहरूको विद्यार्थी भर्ना सम्बन्धमा आवश्यक कागजातहरूसहितआफ्नै प्रशासनिक प्रक्रियाहरू रहेका छन् । यस अध्ययनमा रहेका महिला र पुरुष दुवै उत्तरदाताहरूले आफ्ना बालबालिकालाई विद्यालयमा भर्ना गर्दा कुनै पनि किसिमका अप्ठ्याराहरू नरहेको र भर्ना प्रक्रिया सहज नै रहेको जानकारी दिएका छन् । मानिसहरूले आवश्यक कागजी कामहरू सजिलैसँग गर्न सकेका छन् र कुनै पनि किसिमका मद्दतहरू चाहिएमा प्रशासनमा रहेका पदाधिकारीहरूले सहयोग पुऱ्याउने गरेको कुरा व्यक्त गरेका छन् । विद्यालयमा आफ्ना बालबालिकालाई भर्ना गर्न अभिभावकहरू स्वयं उपस्थित हुनुपर्ने प्रावधान रहेको छ जसका कारणले अभिभावक र विद्यालयबीचको सम्बन्ध पनि विस्तार गर्न मद्दत पुऱ्याएको छ । कुनै पनि विधार्थी विद्यालय स्थानान्तरण गरी त्यहाँ भएको विद्यालयमा भर्ना हुन चाहन्छ भने त्यसबेला विद्यार्थीको मार्कसिट तथा अन्य कागजातहरू पेश गर्नुपर्दछ । उत्तरदाताहरूले विद्यालयको प्रशासनिक प्रक्रियालाई केहीहदसम्म प्रशंसा पनि गरेका छन् र उनीहरूको दृष्टिकोणअनुसार यस्ता प्रक्रियाले विद्यालयको सरदर व्यवस्थापनमानै राम्रो प्रभाव पार्न सकेको देखिन्छ । विद्यालयमा सबैको पहुँचको प्रत्याभूति गरिएको छ र कुनै पनि राजनीतिक संगठनको सन्जालले विद्यार्थी भर्नामा कुनै भूमिका निर्वाह गरेका छैनन्, यद्यपि, केहि दृष्टान्तमा महिला विद्यार्थीहरूले मनोवैज्ञानिक बाधाहरू खेप्नु परेको गुनासा राखेको पाइन्छ ।

यसै सिलसिलामा एक महिला उत्तरदाताले आफ्नो बच्चालाई विद्यालय भर्ना गर्दा एक किसिमको कठिनाइ खेप्नु परेको अनुभव सुनाएकी थिइन् । उनका अनुसार उनका श्रीमान त्यस बखत त्यहाँ थिएनन् ।श्रीमान्को अनुपस्थितिकाकारणउनलाई आफ्नो बच्चा भर्ना गर्न मुस्किल परेको थियो । यस सन्दर्भमा उनको प्रतिक्रिया यस्तो रहेको थियो :

> *मैले आफ्नो छोरालाई विद्यालयमा भर्ना गर्दा कठिनाइ भोग्नुपरेको थियो। उसको बुबा विदेशमा हुनुहुन्छ । तर विद्यालयले मलाई विद्यार्थी भर्ना गर्दा दुवै अभिभावक अनिवार्य रूपमा उपस्थित हुनुपर्ने सूचना प्रवाह गरे र मैले सुरुमा निकै समस्या बेहोरेँ तर पछि हेडमास्टरको सहयोगबाट मैले मेरो छोरालाई विद्यालयमा भर्ना गराएँ । (उत्तरदाता १७, महिला, क्षत्री)*

यस सन्दर्भले महिलालाई हुने प्रशासनिक अप्ठ्याराहरूको बारेमा प्रष्ट पार्न मद्दत पुऱ्याउँछ । यो अध्ययनले एउटामात्र उदाहरण प्रस्तुत गरेको छ तर यस्ता उदाहरणहरू देशका अन्य ठाउँहरूमा प्रशस्त नै पाउन सकिन्छ । महिलालाई अहिले पुरुषसरह समान हक र अधिकार दिएतापनि उनीहरूले आफ्ना बच्चालाई विद्यालयमा भर्ना गर्दासमेत अप्ठ्याराहरू खेप्नुपरेको अवस्था रहेको छ । यस किसिमका समस्याहरूमा विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको छ । यसभन्दा बाहेक यो अध्ययनले कुनै पनि किसिमका अन्य प्रशासनिक बाधा व्यवधानहरू फेला पारेको छैन र त्यहाँ कुनै पनि किसिमको जातीयताका आधारमा हुने भेदभाव, भ्रष्टाचार र आफन्तवाद तथा कृपावाद देखिएको छैन।

## ४.४.सामाजिक बाधाहरू

यो अध्ययनले शिक्षाको पहुँचको हकमा कुनै पनि किसिमका सामाजिक भेदभावहरू फेला पारेको छैन । दलित, तल्लो जात तथा अपाङ्गता भएका विद्यार्थीहरूलाई विद्यालयमा प्राथमिकता दिइएको थियो । उनीहरूलाई पढ्न अझ बढी प्रोत्साहन गर्नको निम्ति छात्रवृत्तिको पनि व्यवस्था गरिएको थियो ।

यो अध्ययनअनुसार लिवाङ्गको विद्यालयमा भेदभाव भएको घटनाबारे गुनासो प्राप्त भएको छ । एक महिला उत्तरदाताका अनुसार हेडमास्टरले विवाह भैसकेका महिलाहरूलाई विद्यालयमा भर्ना लिने गर्दैनन् र उनीहरूले पढ्ने कुराको विरोध गर्दछन् । उनले विवाह भैसकेका महिलाले कक्षामा अरू महिलासँग आफ्नो वैवाहिक जीवनको कुरा साट्ने, पुरुषसँगको यौन क्रियाकलापका कुराहरू साट्ने, पुरुषले कमाई गर्दा पैसा आउनाले आफूले काम गर्न नपर्ने कुराहरू गर्ने रयस्ता कुराबाट अरू विद्यार्थीहरूलाई अल्मल्याउने गरेको बताउने गरेका छन् भन्ने भनाइ ती महिलाको छ । हेडमास्टर यस विषयसँग चिन्तित छन् कि यस्ता गतिविधिहरूले अन्य विद्यार्थीहरूलाई पनि विवाह गर्न प्रोत्साहन गर्छ र उनीहरूले विद्यालय छोड्ने सम्भावना पनि रहन्छ । यसै कारणले गर्दा हेडमास्टरले विद्यालयमा विवाह भइसकेका महिलाहरू जो पढ्न इच्छुक छन् उनीहरूलाई भर्ना लिने गरेका छैनन् जसका कारण विवाहित महिलाहरू शिक्षाबाट वञ्चित हुनुपरेको छ ।

अध्ययनका अनुसार विद्यालयबाट कुनै पनि किसिमको लैङ्गिक भेदभाव देखिएको छैन तर यस्ता खालका भेदभावहरू घरभित्रै देखिएका छन् जहाँबाट छोराहरूलाई निजी विद्यालयमा पठाइन्छ र छोरीहरूलाई सरकारी विद्यालयमा पठाइन्छ । हामीले अध्ययन गरेका विद्यालयहरूमा पनि महिलाहरूको उपस्थिति पुरुष विधार्थीहरूकोभन्दा बढी थियो । यसले अभिभावकहरूमा आफ्ना छोरा र छोरीबीच हुने भिन्नता प्रष्ट पारेको छ । कोही उत्तरदाताहरूआफ्ना छोराहरूलाई पढ्न भन्दा पनि विदेशमा काम गर्न पठाउनेहरू पनि थिए किनभने उनीहरू पढाइमा भन्दा पनि पैसा कमाएर आफ्नो जीविकोपार्जन गर्नेतिर बढी केन्द्रित देखिन्थे र हरेक घरका छोराहरू विदेश गएको देख्दा आफ्नो छोरा पनि जाओस् वा जीविकोपार्जनको काममा लागोस् भन्ने सोचमा बढी जोड दिन्थे ।

### ४.४.१. विद्यालयबाट बाहिरिने प्रवृत्ति प्रतिको धारणा

विद्यालय छोड्ने प्रवृत्ति देशभरिका विद्यालयहरूमा नै एउटा सामान्य कुरा बनेको छ । यसका विभिन्न कारणहरू रहेका छन् र यीमध्ये विद्यालयमा भएका कम सुविधाहरू, कम विद्यार्थी पास हुने, कम शैक्षिक योग्यता भएका शिक्षकहरू, र कुनै विद्यार्थीको शिक्षामा नै रुचि नहुने जस्ता कारणहरूले विद्यार्थीहरू विद्यालय छाड्ने गरेका छन् (सेरिड, २००२ : कुसियत, २००७) । यो अध्ययनमा सामेल दुवै महिला र पुरुष उत्तरदाताहरूका अनुसार अहिले विगतका तुलनामा धेरै कम विद्यार्थीहरूले विद्यालय छाड्ने गरेका छन् । यसमध्ये विद्यार्थीहरूले धेरै कम मात्रामा विद्यालय छाड्ने कारणहरूमा मानिसहरूमा शिक्षाको आवश्यकताप्रति बढ्दो जनचेतना, विद्यालयको सुध्रिँदो व्यवस्थापन र विद्यालयप्रति बढ्दै गरेको जनविश्वास रहेको पाइन्छ ।

लिवाङ्ग तथा बुढागाउँमा अन्तर्वार्ता लिइएका ४५ जना उत्तरदाताहरू जसले आफ्ना बालबालिकालाई सरकारी विद्यालय पठाइरहेका छन्, त्यसमध्ये ३७ जना उत्तरदाताका अनुसार उनीहरूका बालबच्चाहरूविरामी पर्दा, घरायसी कामहरू हुँदा तथा पानी पर्दाको समयमा बाहेक नियमित रूपमा विद्यालय जाने गर्दछन् । दुवै महिला तथा पुरुष उत्तरदाताहरूका

अनुसार जब उनीहरूको घर तथा बारीमा कुनै प्रकारका जरुरी कामहरू आइपर्छन् तब उनीहरू आफ्ना बालबालिकालाई विद्यालय पठाउने गर्दैनन् । उनीहरू आफ्ना सन्तानले आफ्ना कामहरूमा सघाए हुन्थ्यो भन्ने आशा राख्ने गर्दछन् ।

यस अध्ययनमा रहेकामध्ये ८ जना उत्तरदाताका परिवारका सदस्यले विद्यालय छाडेका थिए । विद्यालयबाट निस्कने सन्दर्भमा अनुसन्धाताहरूले शहरी र ग्रामीण भेगमा कुनै पनि किसिमका भिन्नताहरू पाएका छैनन् । विद्यालय छाड्ने सन्दर्भमा हेर्ने हो भने प्रायजसोछात्रहरूले वैदेशिक रोजगार तथा आयआर्जनका लागि विद्यालय छोड्छन् भने छात्राहरूले विवाहका कारण विद्यालय छाड्ने गरेका छन् । गाउँका प्रायजसो किशोरहरू पढ्नभन्दा पनि विदेशजान र आयआर्जन गर्न बढी रुचाउँछन् र यस्ता अवस्थाहरू प्रायजसो दलित बालबालिकाहरूमा देखिएको छ जहाँ आफ्ना घरायसी आवश्यकताहरू परिपूर्ति गर्न शिक्षाभन्दा पनि पैसा कमाउने प्राथमिकता बढी हुन्छ । महिलाहरूको अवस्थामा हेर्ने हो भने बालविवाह गर्ने चलनले गर्दा उनीहरूको शिक्षामा ठूलो असर पुगेको छ र कैयौँ महिला विद्यार्थीले विवाहका कारणले विद्यालय छाडेका धेरै उदाहरणहरू पाउन सक्छौँ ।यसका साथै विवाहित महिलाहरूमा थप घरायसी बोझहरू हुने कारणले गर्दा उनीहरू पढाइमा बढी ध्यान दिन सक्दैनन् र अन्ततः इच्छा भएतापनिउनीहरुलाई आफ्नो पढाइ छोड्नुपर्ने बाध्यता आइपर्ने गर्दछ ।

यस अध्ययनमा रहेका एकउत्तरदाताले आफू ७ कक्षामा हुँदा घरायसी कामको बोझ तथा भाइबहिनीहरू हेनुपर्ने जिम्मेवारी सबै आफूमा आएको हुनाले नचाहँदा नचाहँदै पनि बीचैमा पढाइ छाड्नुपरेको कारण व्यक्त गरेका छन् । अर्को उत्तरदाताका अनुसार उनका छोराहरूले आफ्ना साथीहरूकाकारणले गर्दा विद्यालय छाडेको जानकारी गराएका थिए । यसै सन्दर्भमा उत्तरदाताहरूका केही भनाइहरू यस प्रकार छन् :

> *मेरा तीन जना छोराहरूमध्ये एकले १७ वर्षको उमेर हुँदा ७ कक्षामा पढ्दै गरेका कारणले गर्दा विद्यालय छोडेको थियो । उसका साथीहरू सबै साना भएका कारणले गर्दा उसलाई विद्यालय जान लाज हुन्थ्यो र मैले उसलाई विद्यालय जानको लागि आग्रह पनि गरेको थिएँ तर उसले मेरो कुरा सुन्न चाहेन । (उत्तरदाता १०, पुरुष, जनजाति, ३३)*
>
> *मेरो छोराले विद्यालय जान अस्वीकार गर्दै विद्यालय जान छोड्यो किनभने ऊ कक्षामा सबैभन्दा बढी उमेरको थियो । ऊ आफ्ना साथीहरूले गिज्याउने कारणले कक्षामा पढ्न लज्जित हुन्थ्यो । (उत्तरदाता १३, पुरुष, ब्राह्मण, ७१)*

यसमध्ये केही पुरुष विद्यार्थीहरू देशभन्दा बाहिर जान रुचाउने गर्थे र उनीहरूको धारणा यस्तो रहेको थियो :

> *मेरो छोरालाई विद्यालय जान कुनै पनि रुचि थिएन । मैले कैयौँ पटक उसलाई विद्यालय जानको लागि सम्झाएँ तर उसले पढाइको सट्टामा विदेश गई कमाउने इच्छा देखायो । (उत्तरदाता ४३, पुरुष, जनजाति, ६९)*
>
> *मेरो छोरोपढ्न पटक्कै चाहँदैन थियो । जब उसको एसएलसीको समय थियो ऊ २० वर्षको भैसकेको थियो र उसले पढ्नुभन्दा इण्डिया गएर काम गर्ने निधो गऱ्यो । (उत्तरदाता ४१, पुरुष, क्षत्री, ३२)*
>
> *मेरो एउटा छोरोले ३ कक्षामा पढाइ छोड्यो र अर्कोले ५ कक्षामा छोडेको थियो । उनीहरू दुबै जना विद्यालय जान उत्प्रेरित थिएनन् । जब मैले उनीहरूलाई किन पढाइ छोड्न चाहन्छन् भन्ने कुरा सोधेँ तब उनीहरूले पढ्नु भन्दा पनि बढी उनीहरूको इच्छा काम गरेर पैसा कमाउने रहेको बताए । (उत्तरदाता ४४, पुरुष, दलित, ४८)*

यसैगरी एक दलित उत्तरदाताको दृष्टिकोण अनुसार मानिसहरूमा पैसा कमाउने मोह र साथीहरूले आय आर्जन गर्दा आफूलाई पनि पैसा कमाउनु पर्ने दबाबले गर्दा पढाइमा ठूलो समस्या उत्पन्न गरिरहेको यस अध्ययनले देखाएको छ । जसले पैसाको स्वाद चाखिसकेका छन् त्यस्ता मानिसहरू पढाइतर्फ कहिल्यै पनि आकर्षित नहुने गरेको यस अध्ययनले देखाएको छ ।

यसका साथै वैवाहिक बन्धनमा बाँधिनु पनि महिलाहरूमा शिक्षा त्यागनुको मुख्य कारण रहेको छ । एक महिला उत्तरदाताका अनुसार :

*मेरो विवाह १७ वर्षको उमेरमा भएको कारणले मलाई त्यसपछि विद्यालय जान र पढाइलाई निरन्तरता दिन उत्सुक्ता नै भएन । त्सयपछि जब मेरो पहिलो बच्चा भयो तब मलाई विद्यालयमा साथीहरूले गिज्याउने गर्थे र सोही कारणले गर्दा मैले घरमै बसी आमा बुबालाई घरायसी काममा सघाउने निधो गरेँ । (उत्तरदाता ५०, महिला, दलित, ३५)*

*मेरी छोरीले विद्यालय जाने कुनै पनि उत्सुक्ता नै देखाइन र त्यसैकारणले हामीले उसको विवाह गरिदियौँ । हामीले छोरीको विवाह गरिदिनुको कारण नै ऊ विद्यालय गइन, त्यसपछि उसको जिम्मेवारी पनि बढ्दै गयो । (उत्तरदाता ४०, महिला, जनजाति, ३५)*

गाउँमा रहेका कोही व्यक्तिहरूलाई मिडिया अभियानले गर्दा पनि शिक्षाको महत्वको बारेमा बोध भएको छ र आफ्ना बालबालिकालाई विद्यालय पठाउनु पर्छ भन्ने चेतना जागेकोछ । लिवाङ्गमा रहेको विद्यालयले देखाएअनुसार समाज विद्यालयप्रति राम्रो छवि बनाउन सफल रहेको छ । यस लगायत विद्यालयको राम्रो व्यवस्थापनले गर्दा उनीहरूलाई आफ्ना बालबालिकाहरू राम्रो विद्यालय गएका छन् र राम्रो ज्ञान हासिल गर्ने कुरामा विश्वस्त छन् । कुनै प्रसङ्गवश यदि कुनै विद्यार्थीले विद्यालय छाडेका छन् भने त्यहाँ विद्यालय प्रशासन र अभिभावकहरूबीचमा कुनै न कुनै किसिमको संचारमा कमी भएको कुरा यस अध्ययनले देखाउँछ । साथै अन्य अध्ययनहरूले पनि सोही निष्कर्ष निकालेका छन् (सेरिद, २००२) ।

## ४.५. विद्यार्थीको उपस्थिति (हाजिरी) र सन्तुष्टिप्रतिको धारणा

### ४.५.१. विधार्थीको उपस्थितिमा (हाजिरी) नियमितताप्रतिको धारणा

यस खण्डमा सेवा वितरण संयन्त्र, सेवा सुविधाको गुणस्तर, विद्यालयमा स्रोतको उपलब्धता तथा कसरी मानिसहरूले विद्यालयले प्रदान गर्ने सेवा सुविधाहरूलाई हेर्दै आएका छन् र उनीहरूको विचारमा सेवा सुविधाहरूकस्ता रहेका छन् भन्ने कुरा देखाउन खोजिएको छ ।

लिवाङ्गस्थित बाल कल्याण उच्च माध्यमिक विद्यालय विगतका केही वर्षमा विद्यार्थीहरूको विद्यालयमा संलग्नता, नयाँ भर्ना, विद्यार्थी र शिक्षकहरूको विद्यालयमा नियमित उपस्थिति बढाउन सक्षम भएको देखिन्छ । विगतका वर्षहरूमा विद्यार्थी तथा शिक्षक दुवै विद्यालय आउन ढिलाई गर्थे र विद्यालयबाट पनि विना कुनै खबर चाँडै निस्कने प्रवृत्ति थियो । तर वि.सं २०६५ सालमा नयाँ हेडमास्टरको नियुक्तिपछि विद्यार्थी एवं शिक्षकहरू दुबैको उपस्थितिमा वृद्धि भएको थियो । दिनमा दुईपटक विद्यार्थीहरूको हाजिरी अनिवार्य रूपमा लिइने गरियो र यदि कुनै विद्यार्थी खाजापश्चात अनुपस्थित भएको खण्डमा उसलाई पूरै दिन अनुपस्थित नै गरिन्थ्यो र जरिवाना समेत असुलिन्थ्यो । यसका साथै विद्यालय संचालन हुने समय पनि अघि सारियो र विद्यार्थी तथा शिक्षकहरू अनिवार्य रूपमा १० बजे अगाडि आइसक्नु पर्ने कुरालाई अनिवार्य गरियो । यस विद्यालयले अनुशासनलाई नै विद्यालयको गुणस्तर वृद्धि गर्ने मूल आधार बनाएको छ ।यसप्रकार विद्यालयले कडा अनुशासनद्वारा आफ्ना विद्यार्थीहरू तथा शिक्षकहरूको नियमित उपस्थिति कायम गर्दै आइरहेको छ । यस लगायत यदि कुनै शिक्षक अनियमित हुन्छन् भने तिनलाई विद्यालय प्रशासनबाट कारबाहीको चेतावनी दिइने अथवा कुनै अवस्थामा तिनको तलबमा समेत कटौती गर्ने गरिएको छ । विद्यार्थीहरूको सन्दर्भमा यदि कुनै विद्यार्थी मान्य कारणविना विद्यालयमा अनुपस्थित हुन्छ भने विद्यार्थीलाई प्रतिदिन ५ रुपैंयाँसम्म अतिरिक्त शुल्क लिने गर्दछन् र सोही कुरा बारम्बार दोहोराएको खण्डमा अन्य कडा सजाय दिइन्छ तथा उनीहरूलाई निष्कासनसमेत गरिने प्रावधान रहेको छ । यस्तो सन्दर्भमा गरिबहरूमा कुनै पनि किसिमको जरिवाना तिर्न नसक्ने गुनासाहरू सुनिँदैनथे, उनीहरू यसलाई थप प्रोत्साहनका साथ हेर्थे र आफ्ना बालबालिकालाई नियमित बनाउन मद्दत गरेको कुरा बताउँछन् ।

यस विषयमा अध्ययनमा रहेका केही उत्तरदाताले राखेका दृष्टिकोणहरू यस प्रकार छन् :

*म पनि बाल कल्याण विद्यालयमा पढेको हुँ र मैले आफ्नो बच्चालाई पनि त्यही विद्यालयमा भर्ना गरेको छु । म उसलाई दिनहुँ विद्यालय पठाउने गर्दछु । यो विद्यालय एउटा निकै नै अनुशासित विद्यालय रहेको छ र मैले*

*यस विद्यालयबाट नियमित रूपमा मेरो छोराको पढाइको बारेमा जानकारी पाउने गर्छौं। जब कुनै विद्यार्थी विना कारण अनुपस्थित हुने गर्दछ तब विद्यालयले उनीहरूसँग अतिरिक्त शुल्क असुल्ने गर्दछ। त्यसैले हामी कहिले पनि हाम्रो छोरालाई विद्यालयमा अनियमित हुन दिँदैनौं। (उत्तरदाता ६, पुरुष, क्षत्री, २३)*


*यदि कुनै विद्यार्थीविना कारणविद्यालय जाँदैन भने त्यस विधार्थीसँग अतिरिक्त शुल्क लिने गरिन्छ। मलाई खुशी लाग्छ किनभने मेरो छोराले जहिले पनि विद्यालय नजान विभिन्न कारणहरू देखाउने गर्थ्यो।म उसलाई भन्ने गर्छु कि ऊ विद्यालय नगएको खण्डमा म उसको पैसा तिर्दिन। उसले यो कुरा बुझ्ने गर्दछ तर पनि ऊ कहिलेकाहीं विद्यालय नजाने पनि गर्छ। तैपनि मउसलाई केही पनि भन्ने गर्दिन। (उत्तरदाता ३, महिला, क्षत्री)*


*यदि मेरो बच्चा विद्यालय जाँदैन भने म उसलाई विद्यालय जानलाई मनाउने प्रयास गर्छौं। उसले जिद्दी गरेको खण्डमा ऊ विद्यालयमा अनुपस्थित हुन्छ। यसको बारेमा विद्यालयले पनि खासै चासो दिएको छैन। यदि उनीहरूको विद्यालयमा अनुशासन, नियम, आवश्यक शिक्षकहरूतथा सुविधाहरू हुने हो भने विद्यालय राम्रो हुन्थ्यो। (उत्तरदाता २१, महिला, जनजाति)*

विद्यार्थीहरूको विद्यालयमा नियमित उपस्थितिको सन्दर्भमा हेर्दा महिला र पुरुष दुवै उत्तरदाताकोदृष्टिकोण समान रहेको देखिन्छ। पहिलेको तुलनामा उनीहरूका बालबालिका नियमित रूपमा विद्यालय जाने गरेका छन्। यसका प्रमुख कारणहरूमध्ये विद्यालयको अनुशासन, अभिभावक र विद्यालय बीचको बढ्दो संचार, विद्यालयका विद्यार्थीहरूप्रतिको बढ्दो उत्तरदायित्व रहेका छन्। महिला उत्तरदाताहरूले आफ्नाबालबालिकालाई उनीहरूको आफ्नो हातमामात्र नछाडी विद्यालय जानको लागि प्रेरित गर्दै आइरहेका छन् जुन बुढागाउँमा देखिँदैन।

यसका साथै सन् २०१२ मा गरिएको क्वान्टिटेटिभ सर्भेमा पनि रोल्पाका करिब ७२.६% किशोरहरू तथा करिब ७३.२% किशोरीहरू नियमित रूपमा विद्यालय जाने गरेका थिए भने करिब २४.८% किशोरहरू तथा करिब २३.९% किशोरीहरू प्रायजसो विद्यालय उपस्थित हुने गरेका थिए। तर सोही अध्ययनअनुसार रोल्पा जिल्लाका विद्यार्थीहरू प्रायजसो पानी पर्ने समयमा बाटो हिलो हुने कारण तथा हिँड्न अप्ठ्यारोको कारणले गर्दा विद्यालयबाट टाढा रहने गरेको पाइएको छ।

**चित्र : विद्यालयमा हाजिरी हुने नियमितता**




*स्रोत : (उप्रेती र सहयोगीहरू, २०१४)*

लिवाङ्गमा रहेको बाल कल्याण माध्यमिक विद्यालयको सुधारमा मानिसहरूले त्यस विद्यालयका हेडमास्टरलाई तथा विद्यालय व्यवस्थापन समितिलाई श्रेय दिएका छन् । विद्यालयका हेडमास्टर पहिले त्यही विद्यालयमा सह प्रधानाध्यापकका रूपमा कार्यरत थिए र प्रधानाध्यापकको असामयिक निधन पश्चात उनलाई प्रधानाध्यापकको जिम्मेवारी सुम्पिएको थियो । उनले विद्यालय व्यवस्थापन समितिसँग निकट रूपमा काम गर्दै आएका छन् ।उनी दुबै पक्षबाट विद्यालयलाई जिल्ला भरीकै एक उत्कृष्ट विद्यालयका रूपमा विकास गर्न लागिपरेका छन् । यसै क्रममा योग्यता भएका शिक्षकहरूलाई मात्र विद्यालयमा समावेश गरेका छन् । विद्यालयले अन्तर्राष्ट्रिय तथा अरू गैर सरकारी संघ संस्थाहरूबाट वित्तीय समर्थन प्राप्त गर्दै आइरहेका छन् ।यसै सम्बन्धमा एक पुरुष उत्तरदाताको अवधारणा यस प्रकार छ :

*पहिले मलाई बाल कल्याण विद्यालय राम्रो लाग्दैन थियो । त्यसै कारणले मैले मेरी छोरीलाई निजी विद्यालयमा पढाएकी थिएँ । तर जबदेखि नयाँ हेडमास्टर (मधुसूदन) आउनुभयो विद्यालयले स्वरुप नै फेरेको छ । प्रायः सबै घरधुरीले आफ्ना बालबालिकालाई त्यही विद्यालयमापठाउन शुरु गरे । उहाँको व्यवस्थापनमा विद्यालयको उपस्थितिमा कडा नियम, गुणस्तरीय शिक्षा र अन्य विभिन्न सुविधाहरूको व्यवस्था गरियो । त्यसपश्चात मैले पनि मेरी छोरीलाई निजी विद्यालयबाट बाल कल्याणमा भर्ना गराएँ । अहिले यो विद्यालय निजी विद्यालयभन्दा सस्तो, भरपर्दो छ र धेरै सुविधाहरू पनि छन् । (उत्तरदाता ५, पुरुष, क्षत्री, ४३)*

विद्यालयले जनतामाझ आफ्नो विश्वास जित्न सकेका कुराहरू यस्ता किसिमका मानिसहरूका दृष्टिकोणले प्रस्ट देखाउँदछ । केहीमानिसले आफ्ना बालबालिकालाई निजी विद्यालयबाट सरकारी विद्यालय भर्ना गरेका छन् भने केहीले शूरुदेखि नै त्यस विद्यालयमा भर्ना गरेका छन् । तर बुढागाउँका मानिसमा भने विकल्प छैन र उनीहरूबाध्य भई आफ्ना बालबालिकाहरूलाई सरकारी विद्यालय (कम गुणस्तरको भएतापनि)मै पठाउन बाध्य छन् । प्रायजसो मानिसमा आफ्ना बालबालिकालाई विद्यालय पठाउनुपर्छ भन्ने जनचेतनामा बृद्धि भइसकेको छ र उनीहरूलाई शिक्षाको महत्वको पनि बोध भइसकेको छ ।उत्तरदाताहरूले बुढागाउँमा रहेको विद्यालयमा नियमित रूपमा विद्यार्थीहरू तथा शिक्षकहरूको अनुपस्थितिका कारण त्यस विद्यालयको कमजोर व्यवस्थापनलाई नै मान्ने गरेका छन् । त्यहाँ विद्यार्थीहरू प्रायजसो विद्यालयको पोशाकमै विद्यालय समयमै शिक्षकहरूले देख्दा देख्दै पनि बाहिर बस्ने प्रवृत्ति छ । विद्यालयमा रहेका यस्ता खालका समस्याहरू विद्यालयको व्यवस्थापनले नियन्त्रण गर्न सकेको छैन । यसका साथै शिक्षकहरू पनि विद्यालयमा कुनै पनि किसिमको अनुशासन कायम गर्न असमर्थ रहेका छन् । केही उत्तरदाताका अनुसार लिवाङ्गमा रहेको विद्यालयमा विधार्थीहरूको भर्ना संख्या वृद्धि भएकोमा त्यस विद्यालयको सुधारिएका सुविधाहरू जस्तै खानेपानी तथा शौचालयको व्यवस्था जस्ता कारकहरूलाई श्रेय दिन्छन् । एक उत्तरदाताका अनुसार :

*पहिले जब विद्यालयमा शौचालयको राम्रो व्यवस्था थिएन मेरी छोरी महिनावारी भएको ४, ५ दिनको अवधिमा लाजले गर्दा विद्यालय जाँदैनथिई । तर अहिले जब विद्यालयले पानीको सुविधा भएको नयाँ शौचालयहरूको निर्माण गर्‍यो मेरी छोरीलाई त्यसपश्चात विद्यालय जानको लागिकुनै पनि किसिमको समस्या परेन र म विद्यालयको यस्तो सकारात्मक कदमबाट निकै नै खुसी छु । (उत्तरदाता ३४, पुरुष, क्षत्री, ३०)*

अर्को उत्तरदाताका अनुसार :

*केही वर्ष पहिले विद्यालयमा खाने पानीको राम्रो व्यवस्था नै थिएन र भएतापनि त्यो पानी पिउनयोग्य थिएन । बालबालिकाहरू त्यो पानी पिएर विरामी हुन्थे । तर अहिलेको अवस्था बदलिइसकेको छ र खानेपानीको व्यवस्था विद्यालयमा राम्रो भइसकेको छ । (उत्तरदाता ३६, महिला, जनजाति, ३८)*

तर बुढागाउँको परिप्रेक्ष्यमा हेर्दा त्यहाँको विद्यालयमा कुनै पनि किसिमका सुधारहरू पाउन सकिँदैनथ्यो । त्यहाँका एक उत्तरदाताका अनुसार :


*यहाँको विद्यालयमा खानेपानी तथा शौचालयको राम्रो व्यवस्था छैन । तपाईंले पनि यो अवश्यै देख्नुभएको होला, हैन र ?* यहाँ मैदानमा जता हेरे पनि दिसा हुन्छ तर यसको मतलबकसले गर्ने ? म र मेरो बहिनी यही विद्यालय नै जानुपर्ने हुन्छ । (उत्तरदाता २६, महिला, दलित, १९)

यसै गरी कुनै अवस्थामा विद्यालयमा राम्रा पूर्वाधारहरू नभएका कारणले गर्दा पनि विद्यार्थीहरूको नियमित उपस्थितिमा सीधा रूपमा असर पार्ने गरेको देखिन्छ ।

### ४.५.२. स्कूलप्रतिको सन्तुष्टि

यस अध्ययनका अनुसार प्रायजसो उत्तरदाताहरू बुढागाउँ लगायत लिवाङ्गका विद्यालयबाट प्रदान गरिने शिक्षा सेवामा समग्रमा सन्तुष्ट नै भएको पाइएकोछ । कूल उत्तरदातामध्ये ३२ जना उत्तरदाताहरू पूर्ण तथा आंशिक रूपमा विद्यालयबाट प्रदान गरिने शिक्षा सेवाबाट सन्तुष्ट थिए । समग्रमा भन्नु पर्दा मानिसहरूमा विद्यालयप्रति कुनै पनि किसिमको नकारात्मक भावना र सोच थिएन । यो कुरालाई सन् २०१२ मा गरिएको क्वान्टिटेटिभ सर्भेको निष्कर्षले पनि समर्थन गरेको छ जहाँ ७४.५ प्रतिशत उत्तरदाताहरू विद्यालयबाट प्रदान गरिने शिक्षा तथा अन्य सुविधाहरूबाट सन्तुष्ट थिए । केवल थोरै प्रतिशत उत्तरदाताहरूमात्र विद्यालयको सेवा तथा शिक्षाबाट असन्तुष्ट थिए । मानिसहरू गाउँमा पनि त्यतिका सुविधाहरू रहेको विद्यालय पाउँदा आफूहरूलाई भाग्यमानी सम्झन्थे । बुढागाउँमा रहेका मानिसहरूलेविद्यालयमाखानेपानी र अन्य सुविधाहरू नभएको गुनासो राखेतापनि समग्रमा विद्यालयसँग सन्तुष्ट नै थिए ।

**चित्र : उत्तरदाताहरूको विद्यालयप्रतिको सन्तुष्टिको स्तर**




*स्रोत : (उप्रेती र सहयोगीहरू, २०१४)*

लिवाङ्गमा बसोवास गर्ने महिला र पुरुष दुवै त्यहाँ रहेको सरकारी विद्यालयको व्यवस्थापनको हिसाब हेर्दा निकै नै सन्तुष्ट थिए किनभने उनीहरूले सरकारी विद्यालयले प्रदान गर्दै आएको सेवा सुविधामा निजी विद्यालयको तुलनामा कुनै पनि कमी पाएका थिएनन् । त्यहाँ रहेका सरकारी विद्यालयको शुल्कमा पनि कुनै किसिमको वृद्धि भएको पाइएको छैन । यसै सम्बन्धमा एक उत्तरदाताको अवधारणा यस प्रकार रहेको छ :

*यहाँका विद्यालयमा रहेका शिक्षकहरू अहिले धेरै राम्रा रहेका छन् र हामी अभिभावकहरूले विद्यालयको बारेमा सोध्दा राम्रो प्रतिक्रिया दिने गर्दछन् । मेरा बालबच्चाले शिक्षकहरूलेउनीहरूलाई परेको खण्डमा धेरै मद्दत पुऱ्याउने कुरा बताउने गर्छन् । विद्यालयमाउनीहरूलाईखेल्ने उपयुक्त समय दिने गरेका छन् र उनीहरूलाई विद्यालयले राम्रो प्रशिक्षण दिने गरेको छ । मलाई मेरा बालबालिकाको प्रगति देख्दा निकै नै सन्तुष्टि मिलेको छ ॥ (उत्तरदाता ६, पुरुष, क्षत्री, २३)*

*पहिले विद्यालय त्यति धेरै राम्रो थिएन । बालबालिकाहरू विद्यालय नियमित रुपमा जाने गर्दैन थिए । तर जब विद्यालयमा नयाँ हेडमास्टर आए तबदेखि विद्यालयको माहोल नैपरिवर्तन भएको छ । हामीले पनि यो कुरा प्रत्यक्ष रूपमा देख्न सक्छौं । उनले विद्यालयमा रहेकाविद्यार्थीहरूको भविष्य उज्ज्वल बनाउन ठूलै जिम्मेवारी वहन गर्दै आएका छन् । (उत्तरदाता ५, पुरुष, क्षत्री, ४३)*

लिवाङ्गमा रहेका महिलार पुरुष दुवै उत्तरदाताले त्यहाँको विद्यालयमा भएको प्रगतिको श्रेय हेडमास्टरलाई दिएका छन् र उनले विद्यालयलाई जिल्लाकै एक उत्कृष्ट विद्यालयमा परिवर्तन गरेकोविचार उनीहरू व्यक्त गर्छन् । यसका साथै विद्यालय व्यवस्थापन समितिले पनि विद्यालयलाई नयाँ उचाइमा लैजान मद्दत गरेको र सरकारी विद्यालयहरूमाभ्फ एउटा नमुना विद्यालय बनेको उनीहरूको भनाइ रहेको छ । विद्यालय व्यवस्थापन समितिको व्यवस्था विशेषगरी विद्यालयको गुणस्तरमा वृद्धि गर्न तथा विद्यालयमा रहेका पूर्वाधारहरूवृद्धि गर्न गरिएको थियो । यस कामका साथै समितिले विद्यार्थी तथा शिक्षकहरूको नियमित उपस्थिति तथा विद्यालयका अन्य क्रियाकलापहरू अनुगमन गर्दै आइरहेको छ । दुवै विद्यालयका समितिले आफ्नो तवरबाट काम गर्दै आएका छन् तर लिवाङ्गको समितिले बढी काम गर्दै आएको देखिन्छ ।

मानिसमा सन्तुष्टिको एउटा आधार भनेको विद्यालयबाट विद्यार्थीहरूको मूल्याङ्कन तथा उनीहरूको प्रगतिको बारेमा नियमित रूपमा जानकारी दिने कुरा रहेको देखिन्छ । यसै सन्दर्भमा एक पुरुष उत्तरदाताको धारणा यस्तो रहेको पाइन्छ :

*अहिले जब हामी हाम्रा बालबालिकाको शिक्षाको प्रगतिको बारेमा सोध्छौं, शिक्षकहरूलेहामीलाई विना कुनै हिचकिचाहट उनीहरूको प्रगतिको बारेमा भन्ने गर्दछन् । म आफूपढेलेखेको नभएतापनि मेरा बालबालिकाले कस्तो पढ्दै छन् भन्ने कुरामा जानकार छुर उनीहरूको पढाइको प्रगति राम्रो नभएको खण्डमा म उनीहरूलाई राम्ररी पढ्न आग्रहगर्छुँ । (उत्तरदाता ६, पुरुष, क्षत्री, २३)*

यस अध्ययनले समेटेका दुवै विद्यालयमा रहेका विद्यार्थीका अभिभावकले आफ्ना बालबालिकाको प्रगति विवरण नियमित रूपमा पाइरहेका छन् जुन अन्य सरकारी विद्यालयमा निकै न्यून रूपमा प्रदान गरिन्छ । विद्यार्थीका बारेमा प्रगति विवरण पाएकामा उनीहरूले प्रोत्साहनको अनुभव गर्ने गरेका छन् जसले गर्दा शिक्षाको सामाजिक दृष्टिकोणमा नै परिवर्तन आएको देख्न सकिन्छ ।

अभिभावकहरू असन्तुष्ट हुनुका कारण एसएलसीको परीक्षाफल रहेको छ । परीक्षाफलको विषयमा हेर्दा निजी विद्यालयको तुलनामा आउन यी दुवैविद्यालयले धेरै मेहनत गर्नुपर्ने आवश्यकता रहेको यस अध्ययनले देखाएको छ । यसै क्रममा एक महिला उत्तरदाताले आफ्नो अवधारणा यसरी प्रकट गरिन् :

*वास्तवमा विद्यालयको सुधारका लागि धेरै पक्षहरू रहेका छन् । शिक्षाको गुणस्तरलाई वृद्धि गर्न निकै ठूलो आवश्यकता रहेको छ, विशेषगरी कक्षा ९ र १० को कुरा गर्दा विद्यार्थीहरूलाई निकै धेरै ध्यान दिनुपर्ने आवश्यकतादेखिएको छ । एसएलसीको परीक्षाफल राम्रो छैन, धेरै विद्यार्थीहरूअझै अनुत्तीर्ण छन् । मलाई लाग्छ यो विद्यालयको व्यवस्थापनको कमजोरीकै कारणले पनि हुनसक्छ । विद्यार्थीहरूको लागि एसएलसीको निकै महत्व छ, यसमा राम्रो नगर्दा उनीहरूले भविष्यमा काम नपाउने सम्भावना पनि हुन सक्छ । (उत्तरदाता १७, महिला, क्षत्री, ६७)*

यसै सन्दर्भमा एक महिला जो आफ्ना बालबालिकालाई निजी विद्यालयमा पढाइरहेकी छन्, उनको भनाइ यस्तो रहेको छ :

*यहाँ रहेका वरपरका मान्छेहरूले सरकारी विद्यालय निजी विद्यालयको तुलनामा राम्रो नभएको कुरा गर्छन्, त्यसैले गर्दा मैले आफ्नी छोरीलाई निजी विद्यालय नै पठाएकी छुँ । (उत्तरदाता १६, महिला, क्षत्री, ३५)*

मानिसमा विद्यालयप्रति विश्वास उजागर गर्न यस अध्ययनमा रहेका विद्यालयहरूमाथप सुधार ल्याउनु एक आवश्यकताको विषय रहेको र विद्यालयहरूले निजी विद्यालय सरह उच्च गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने आवश्कता रहेको छ । मानिसमा विद्यालयप्रतिको सन्तुष्टि र गुणस्तरमा एक अर्काबीच फरक मत रहेको हुन्छ । उदाहरणका लागि कुनै अभिभावकले संस्थाको गुणस्तरलाई हेर्छ भने कुनैले विद्यार्थीहरूको परीक्षाफल हेर्ने गर्दछ । त्यस्तै, विद्यार्थीहरूले विद्यालयमा रहेका शिक्षकहरू कतिको गुणस्तरका छन् र उनीहरूको पढाउन सक्ने क्षमता कस्तो छ भन्ने कुराको बारेमा आकलन गर्ने गर्दछन् (छुवा, २००४, श्रेष्ठ, २०१३) । यस अध्ययनले पनि करिब उस्तै कुरा देखाएको छ, जस्तै अहिलेका अभिभावकहरू भलै अशिक्षित छन् तर उनीहरू आफ्ना बालबालिकाको शिक्षाप्रति बढी सचेत छन् र विद्यालयको गुणस्तर मापन आफ्ना बालबालिकाको परीक्षाफलका आधारमा गर्ने गर्दछन् ।

प्रायजसो अभिभावकहरू सरकारबाट सरकारी विद्यालयहरूको शिक्षामा राम्रो व्यवस्थापनको आशा गर्छन् । सरकारी विद्यालयहरू पहिलेदेखि नै न्यून गुणस्तरका मानिन्छन् । विद्यालयको अपुग स्रोत, विद्यार्थीले भरिभराउ कक्षाहरू, न्यून गुणस्तरका शिक्षकहरू र अनियमित उपस्थिति सरकारी विद्यालयकामुख्य आलोचनाका विषय रहेका छन् (पार्कर र सहयोगीहरू, २०१२) । सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरू परीक्षामा अनुत्तीर्णहुने पूर्वनियति रहेको छ जुन कुरा एसएलसीमा आएको परीक्षाफलले पनि दर्शाउने गर्दछ (भौक्स र सहयोगीहरू, २००६) । यसै विषयमा उत्तरदाताहरूका केही दृष्टिकोणहरू यस प्रकार रहेका छन् :

*मानिसहरूले निजी विद्यालयलाई राम्रो भन्ने गरेका छन्।उनीहरूले किन निजी विद्यालयलाई सरकारी विद्यालयभन्दा राम्रो भन्ने गरेका छन्, किन ती विद्यालयको व्यवस्थापन राम्रो छ,सरकारले पत्ता लगाउनु पर्‍यो र सोही कुरा सरकारी विद्यालयहरूमा पनि कार्यान्वियन गर्नुपर्‍यो नि । (उत्तरदाता १७, महिला, क्षत्री, ६७)*

*स्थानीय सरकारले हरेक जिल्लामा गुणस्तरीय शिक्षा जिल्ला शिक्षा कार्यालयको समन्वयमानिशुल्क रूपमा प्रदान गरिनुपर्ने प्रत्याभूति गर्नुपर्छ । (उत्तरदाता १८, पुरुष, क्षत्री, ३८)*

*शिक्षाको क्षेत्रमा सरकारी पक्षबाट अवश्य पनि केही मात्रामा सुधार भएका छन् र यो कुरा अति नै सराहनीय छ । ( उत्तरदाता २०, पुरुष, जनजाति, ३७)*

विद्यालयमा रहेका पूर्वाधारहरू तथा विद्यालयले प्रदान गर्ने सुविधाहरूको हिसाबमा हेर्दा महिला र पुरुष दुवै उत्तरदाताहरू सरकारी विद्यालयभन्दा निजी विद्यालय निकै नै राम्रो रहेको बताउँछन् ।

यसका आधारमा हेर्दा विद्यार्थीको बढ्दो भर्नालाई मात्र विद्यालयको शिक्षाको प्रगति विवरण हेर्ने आधार मान्न सकिन्न । अर्याल (२०१३) भन्छन्, एसएलसीमा नियमित रूपमा भएको नराम्रो परीक्षाफलले विद्यालयको विद्यार्थी भर्नामा भएको प्रगतिले माथि उठाएको छविलाई कायम राख्न निकै ठूलो चुनौती उत्पन्न गरेको छ । यस्ता समस्याहरूले गर्दाविद्यमान नीतिहरूमाथि प्रश्न चिन्ह उठ्ने गरेको छ ।विद्यालयहरूले भर्ना बढाउनुको साथसाथै कसरी शिक्षा प्रणालीका गुणस्तर वृद्धि गर्ने सो कुरा एक चुनौतीका रूपमा रहेको छ (स्किफम्यान र सहयोगीहरू, २०१०, श्रेष्ठ, २०१३) ।

मानिसहरू सरकारले सरकारी विद्यालयहरूबाट प्रदान गरिने शिक्षाको गुणस्तर वृद्धि गरोस् भन्ने अपेक्षा राख्दछन् र यसका क्रममा निजी विद्यालयहरूको पनि प्रशस्त उदाहरणहरू दिने गर्दछन् । यसै क्रममा सरकारी विद्यालयहरूले आफ्नो शिक्षा प्रणालीमा गुणस्तर वृद्धि गर्न विद्यालयमा अंग्रेजी माध्यमबाट पढाइशुरु गरिनु पनि एक मुख्य प्रयास रहेको

छ। लिवाङ्गस्थित सरकारी विद्यालयले कक्षा ४ सम्म अंग्रेजी माध्यमबाट पढाइशुरु गरेको पाइन्छ। यसका साथै सरकारी विद्यालयमा पनि निजी विद्यालयको सरह बारम्बार परीक्षा लिने चलन ल्याइएको छ। केही विद्यार्थी परीक्षामा अनुत्तीर्ण हुन्छन् भने त्यस्ता विद्यार्थीलाई उत्तीर्ण गर्ने हेतुले पटक पटक उत्तीर्ण नहुन्जेलसम्म परीक्षा लिने र उत्तीर्ण भएपश्चातमात्र माथिल्लो तहमा पठाउने प्रबन्ध गरिएको छ। यसका साथै विद्यार्थीहरूलाई अझ बढी पढ्नको लागि प्रोत्साहन गर्न विद्यार्थीहरू जो परीक्षमा अनुत्तीर्ण हुन्छन् त्यस्ता विद्यार्थीहरूसँग परीक्षा शुल्क लिई उनीहरूलाई अझ राम्रोसँग पढ्न प्रोत्साहन गरेका छन्। यसलगायत कमजोर विद्यार्थीहरूलाई अन्य विद्यार्थीहरूको तुलनामा सबलबनाउन विद्यालयले न्यून शुल्क लिई कोचिङ्ग कक्षाको पनि व्यवस्था गरेको पाइन्छ। विद्यालयका यस्ता खालका नीति तथा क्रियाकलापले गर्दा लिवाङ्गका अभिभावकहरू सरकारी विद्यालय पनि निजी विद्यालय सरह सबल हुनसक्ने अपेक्षा राख्छन्। सरकारी विद्यालयका यस्ता खालका नीतिले व्यवस्थापन राम्रो भए सरकारी विद्यालयको स्तर पनि राम्रो बनाउन सकिन्छ भन्ने सन्देश दिएको पाइन्छ। बुढागाउँमा पनि यस्तो किसिमको व्यवस्थापन अपनाउन सक्ने प्रबल सम्भावनाहरू रहेका छन्। एक उत्तरदाताविद्यालयको यस्तो व्यवस्थापनको बारेमा आफ्नो दृष्टिकोण यसरी राख्दछन् :

> *मेरो छोरो पहिले निजी विद्यालय जाने गर्दथ्यो। तर अहिले मैले मेरो छोरोलाई सरकारी विद्यालयमा पढाउँदै आएको छु किनभने सरकारी विद्यालय निजी विद्यालयभन्दा निकैराम्रो छ र यसको व्यवस्थापन पनि निकै नै राम्रो हुँदै आएको छ। (उत्तरदाता ३५, पुरुष, क्षत्री, ५०)*

पार्कर र सहयोगीहरू (२०१२) लेख्छन् कि निजी विद्यालयहरूले विद्यार्थीहरूलाई अंग्रेजी माध्यमबाट पढाउने शानले गर्दा निजी विद्यालय वृद्धि भएका हुन्। नेपालका सरकारी विद्यालयहरूमा प्रायः अंग्रेजीमाध्यमबाट पढाउने गरिँदैन जसका कारण प्रायः विद्यार्थीहरू एसएलसी परीक्षामा अनुत्तीर्ण हुने गरेका छन्। तर बाल कल्याण माध्यमिक विद्यालयको कुरा गर्ने हो भने यसले अंग्रेजी माध्यमबाट राम्ररी नै पढाउँदै आइरहेको छ र भविष्यमा थप माथिल्लो तहमा पनि यसै माध्यममा पढाइ विस्तार गर्ने योजना राख्दै आएको छ। यो विद्यालयको स्तर जिल्लाकै उत्कृष्ट पाँच विद्यालय मध्ये एक बनाउन योग्य रहेको छ र निजी विद्यालयको एक चिर प्रतिद्वन्द्वीको रूपमा आफूलाई उभ्याउन सफल रहेको छ। देशका सबै सरकारी विद्यालयहरूमाझ आफ्नो छुट्टै प्रतिष्ठा कायम गरी आफू एक नमुनाको रूपमा उभिन यो विद्यालय सफल भएको छ।

### ४.६. स्रोत र सेवाको उपलब्धता

रोल्पा जिल्लालाई पूर्वाधार एवं सेवा सुविधाको दृष्टिकोणबाट हेर्दा नेपालको एक दुर्गम जिल्लाको रूपमा लिइन्छ। यस अध्ययनले रोल्पा जिल्लामा रहेका विद्यालयमा मानव र अन्य स्रोतहरूको अन्वेषण पनि गरेको छ।

#### ४.६.१. मानव संसाधन

रोल्पा जिल्लाका विद्यालयहरूमा रहेका मानव संसाधनलाई हेर्दा त्यहाँ पर्याप्त रूपमा मानव संसाधन उपलब्ध रहेको छ। लिवाङ्गमा रहेका विद्यालयमा सरकारले पदपूतिगरेका शिक्षकहरू र केहि अन्यतवरले स्रोत जुटाएर नियुक्ति गरिएका शिक्षकहरु कार्यरत छन्। थप स्रोत जुटाउन सकेको हुनाले पनि विद्यालय आफ्नै लगानीमा थप शिक्षकहरू खटाउन पनि सफल रहेको छ। यसबाट विद्यालयमाहरेक कक्षाकोठामा हुने शिक्षण सिकाई प्रक्रिया र त्यसमा विद्यार्थिहरुको सहभागिता बारे थप अनुगमन गर्न, विद्यार्थीहरूको प्रगति विवरण तयार गर्न र विद्यालयमा पढाइने शिक्षा प्रणालीलाई नै परिवर्तन गर्न सघाउ पुगेको देखिन्छ।

विद्यालयहरूमा रहेका विद्यालय व्यवस्थापन समितिहरूले पनि विद्यालयमा मानव संसाधन परिपूर्ति गर्न मद्दत पुऱ्याउँदै आएका छन्। यो अध्ययनमा रहेका दुवै समितिमा समुदायमा रहेका मुख्य मानिसहरू संलग्न गराइएको छ। विशेषगरी समुदायका मानिसहरू राख्नुको मुख्य उद्देश्य उनीहरूको विद्यालयप्रति स्वामित्व बढाउनका लागि हो र विद्यालयलाई

अझ बढी उचाइ तथा प्रगतिको बाटोतर्फ लैजानको लागि रहेको छ । यस्ता समितिकोव्यवस्थाबाट विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि गर्न मद्दत पुगेको देखिन्छ । यसले नियमित रूपमा शिक्षकहरूले राम्रो पढाएका छन् कि छैनन् भनी अनुगमन गर्ने, विद्यार्थीहरूको नियमित उपस्थिति अनिउनीहरूको प्रगतिका विषयमा अनुगमन गर्ने काममा सहयोग पुऱ्याएको छ । यस्ता समितिहरूकोगठनबाट सरकारी विद्यालयहरू जनताप्रति उत्तरदायी रहन सफल भएका छन् । समितिहरूका सराहनीय कामहरू भएतापनि सरकारले आफ्नो अधीनमा रहेका हरेक सरकारी विद्यालयहरूकागतिविधि तथा कार्यहरूको नियमित र सक्रिय रूपमा अनुगमन गरी सेवा वितरण प्रणालीलाई अझै सुधारगर्नु पर्ने आवश्यकता रहेको छ ।

### ४.६.२. शिक्षकहरूको गुणस्तर र योग्यता

सरकारी विद्यालयमा रहेका शिक्षकहरूको पढाउने क्षमता तथा शिक्षकहरूको योग्यतामा सधैँ जसो बहस चल्दै आएको छ । कुनै शिक्षकको गुणस्तर मापन गर्दा हरेकले गर्ने मापन फरकफरक हुन्छ र यो वस्तुपरक नभैकन आत्मपरक रहेको छ (स्किफम्यान र सहयोगीहरू, २०१०) । प्रायजसो अभिभावकहरूले आफ्ना बालबालिकाको शिक्षाको प्रगतिका आधारमा विद्यालयका शिक्षकहरूको गुणस्तर मापन गर्दै आएको पाइएको छ ।

प्रायजसो उत्तरदाताहरू विद्यालयमा रहेका शिक्षकहरूको योग्यता र उनीहरूको पढाउनेक्षमताप्रति सकारात्मक नै रहेको देखिन्छ । कुनै न कुनै अपवाद भने हामी पाउन सकौँला तर प्रायजसो शिक्षकहरू आफ्नो जिम्मेवारी पूरा गर्ने हिसाबमा योग्य नै देखिन्छन् । यसै सन्दर्भमा एक क्षत्री उत्तरदाताका दृष्टिकोण यस्तो छ :

> *बहुमत संख्यामा शिक्षकहरू राम्रा रहेका छन् । करिब ७५ प्रतिशत शिक्षकहरू धेरै राम्रा छन् ।करिब २५ प्रतिशत खासै राम्रा छैनन् । उनीहरूशुरुदेखिका भएका कारणले पनि खासै राम्रानभएका हुनसक्छन् । तर मेरो विचारमा सबै शिक्षकहरू आफ्ना कामका लागि योग्य नै देख्छु । (उत्तरदाता १, पुरुष, क्षत्री, ३०)*

अर्का एक पुरुष उत्तरदाता जो आफ्ना बालबालिकालाई निजी विद्यालयमा पढाउने गर्छन् तिनले सरकारी विद्यालयको बारेमा त्यहीँकै विद्यार्थीहरूबाट खाजा खाने समयमा जानकारी पाएका हुन् । यस सम्बन्धमा उनी भन्छन् :

> *मेरो होटलमा खाजा खान आउने विद्यार्थीहरूका कुरा अनुसार बाल कल्याणमा रहेका शिक्षकहरूराम्रा रहेका छन् । विद्यार्थीहरूका कुरा सुन्दा र उनीहरूको बहसको विश्लेषण गर्दा विद्यालयको व्यवस्थापन पनि निकै राम्रो रहेको छ र केवल राम्रा र योग्य शिक्षकहरूमात्र विद्यालयले लिने गरेको छ । (उत्तरदाता ४, पुरुष, दलित, ४८)*

अन्य उत्तरदाताहरू आफ्ना धारणा यस प्रकार प्रस्तुत गर्छन् :

> *सरकारी विद्यालयमा रहेका शिक्षकहरू पनि निकै नै राम्रा रहेका छन् र उनीहरू निजी विद्यालयका शिक्षकभन्दा केही कम छैनन् । अहिले परीक्षाको नतिजा पनि राम्रो देखिनथालेको छ । (उत्तरदाता १७, महिला, क्षत्री, ६७)*
>
> *हो प्रायजसो शिक्षकहरू राम्रा नै छन् । उनीहरू राम्रा नै हुनुपर्छ नत्र कसरी उनीहरूले हाम्रा बालबालिकालाई पढाउँछन् र उनीहरू माथिल्लो तहमा जान सक्छन् । केही वर्षको अन्तरालमा अहिले त विद्यालयको पनि सुधार भइरहेको अवस्था छ। यसको श्रेय नयाँ हेडमास्टरलाई जानुपर्छ । (उत्तरदाता १८, पुरुष, क्षत्री, ३८)*
>
> *मेरो विचारमा शिक्षकहरू सबै योग्य नै छन् । विद्यालय व्यवस्थापन समितिले शिक्षकहरूको क्षमता, योग्यता, गुणस्तरका विषयमा नियमित रूपमा अनुगमन गर्दछन् । यसैकारणले गर्दा हामीले कुनै पनि किसिमको चिन्ता लिन आवश्यकता छैन । (उत्तरदाता २०, पुरुष, जनजाति, ३७)*

लिवाङ्गको यस्तो अवस्था जहाँ मानिसले आफ्ना बालबालिकालाई निजी विद्यालयबाट सरकारी विद्यालयमा सारेका छन् । यसको कारण भनेको मानिसमा उत्पन्न भइरहेको सरकारी विद्यालयप्रतिको सकारात्मक धारणा नै हो । बुढागाउँका

हिसाबमा हेर्दा त्यहाँका मानिसहरू शिक्षकहरूको योग्यताका विषयमा खासै धेरै जानकार थिएनन् तर उनीहरूको दृष्टिकोण शिक्षकहरूप्रति सकारात्मक नै भेटिन्छ ।

### ४.६.३. स्कूलमा रहेकासेवा सुविधा र पूर्वाधार

यस अध्ययनमा रहेका विद्यालयहरूमा द्वन्द्वका समयमा कुनै पनि किसिमका पूर्वाधारहरू तथा विद्यालयका संरचनाहरूमा खासै ठूलो असर परेको थिएन । यद्यपि, प्रायजसो विद्यालयमा भएका सुधारहरू द्वन्द्वकालीन अवस्थापश्चातकै परिणाम हुन् । लिवाङ्गको सन्दर्भमा हेर्दा विद्यालयको भवन जीर्णोद्धार गरिएको छ र विद्यालयका कक्षा कोठा फराकिला पारिएका छन् भने विद्यालयमा कम्प्युटर प्रयोगशाला तथा विज्ञान प्रयोगशालाको पनि व्यवस्था गरिएको छ । यसलगायत विद्यालयमा एउटा ठूलो खेल मैदान रहेको छ र शुद्ध खाने पानीको पनि व्यवस्था गरिएको छ । विद्यालयमा पर्याप्त शौचालयको पनि व्यवस्था गरिएको छ जुन अन्य विद्यालयको तुलनामा हेर्दा निकै नै धेरै हो । कक्षा कोठामा पनि प्रशस्त रूपमा टेबल र कुर्सीको व्यवस्था गरिएको छ । विद्यार्थीहरूलाई सबै किसिमका खेलहरू र मनोरञ्जन सामग्रीको व्यवस्था गरिएको छ ।अन्य विद्यालयको तुलनामा यहाँ छुट्टै खेल तथा अन्य सुविधा हेर्ने शिक्षकको व्यवस्था गरिएको छ ।

लिवाङ्गको तुलनामा हेर्ने हो भने बुढागाउँको विद्यालयका पूर्वाधारहरू निकै कमजोर रहेका छन् । विद्यालय सानो रहेको छ भने छाने टिनले छाइएको छ। विद्यार्थीहरूको लागि खानेपानी तथा शौचालयको व्यवस्था गरिएको छैन । सानो खेल मैदान त छ तर तारले घेरिएको छैन । यहाँ कम्प्युटर तथा विज्ञान प्रयोगशालाको व्यवस्था छैन । शौचालय तथा पानीको कमीका कारण विद्यालयको वातावरण दुर्गन्धित रहेको छ । यो अवस्थाले विद्यालयमा हुनुपर्ने लगानी, शैक्षिक बजेट, अनुगमनका कामहरूलाई अझ बढी जोड दिनुपर्ने आवश्यकता दर्शाएको छ ।

दुवै विद्यालयमा विद्यालयका सुविधा उपभोग गर्दाको क्रममा कुनै पनि किसिमका लैङ्गिक विभेद तथा जात र जातीयताका आधारमा हुने विभेद पाइएको छैन । दुवै विद्यालयले प्राथमिक तहमा निशुल्क रूपमा पाठ्यपुस्तक वितरण गर्दै आइरहेका छन् तर उच्च कक्षाहरूमा भने विद्यार्थीहरू आफैँले न्यून शुल्कमा भए पनि पाठ्यपुस्तक खरिद गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ४.६.४. छात्रवृत्ति र अन्य प्रावधानहरू

सरकारी विद्यालयहरूमा प्राथमिक तह (पाँच कक्षासम्म) सबै विद्यार्थीहरूको लागि निशुल्कमा पढाइने व्यवस्था रहेको छ । पाँच कक्षा पश्चात केवल जेहेन्दार र मेहनती विद्यार्थी तथा दलित र पिछडिएका वर्गका विद्यार्थीहरूलाई मात्र छात्रवृत्ति दिइने व्यवस्था रहेको छ । हरेक दलित विद्यार्थीलाई उनीहरूको सामाजिक तथा आर्थिक अवस्था र राजनैतिक पहुँचमा कमी भएका कारणले कक्षा दशसम्म छात्रवृत्ति प्रदान गरिने प्रावधान रहेको छ । यो प्रावधानले दलित विधार्थीहरूमा पढ्नु पर्छ भन्ने भावनाको विकास भएको छ र उनीहरूले यो प्रावधानका हिसावले कम्तीमा पनि दश कक्षासम्म पढ्न सक्ने भएका छन् । पहिलेको समयमा दलित विधार्थीहरूले विद्यालयको पहुँचमा विभिन्न किसिमका बाधा व्यवधानहरू खेप्नुपर्ने अवस्था रहेको थियो (दाहाल र सहयोगीहरू , २००२) । जात तथा जातीयताका आधारमा कुनै पनि किसिमका भेदभावहरू यी दुवै विद्यालयमा देखिएको पाइँदैन तर ब्राह्मण , क्षत्री जातका अभिभावक तथा विद्यार्थीले दलित विद्यार्थीहरूले मात्र छात्रवृत्ति पाउने गरेकोमा गुनासो व्यक्त गरेका थिए ।

दलित विद्यार्थीहरूलाई छात्रवृत्तिको कार्यक्रम "शिक्षा सबैका लागि" भन्ने राष्ट्रिय कार्यक्रममार्फत ल्याइएको हो (नेपाली र सहयोगीहरू, २०१३) । दलित बालबालिकाको पढाइको हिसाबमा हेर्दा निकै नै राम्रो प्रगति देख्न सकिन्छ र राष्ट्रिय स्तरमा हेर्ने हो भने समस्याहरू निकै नै रहेका छन् । शिक्षा विभागको एउटा अध्ययनले देखाएअनुसार कैलाली जिल्लामा पढ्ने उमेरका करिब १३ हजार बालबालिका विद्यालय भर्ना भएका छैनन् र तीमध्ये धेरै दलित बालबालिका

रहेका छन् (एजुकेशनल पेज, २०११) । तर हाम्रो अध्ययनले दलितहरूले विद्यालय छोड्ने गरेको देखाएको छैन र छात्रवृत्तिका कारण उनीहरू विद्यालय जान अझ बढी प्रेरित रहेका छन् ।

लिवाङ्ग लगायत बुढागाउँका विद्यालयमा सरकारको प्रावधान अनुसार विधार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिएको छर यसका साथै लिवाङ्गमा आफ्नै स्रोतबाट पनि छात्रवृत्तिको व्यवस्था गरिएको छ । हरेक दलित र विभिन्न हिसावले असक्षम ठहरिएका विधार्थीहरूले छात्रवृत्ति पाउने व्यवस्था गरिएको छ । यसलगायत अन्य विद्यार्थीहरूले पनि आफ्नो दक्षता तथा पढाइको आधारमा छात्रवृत्ति पाउने व्यवस्था छ । यस्ता प्रावधानमा अन्य जात–जातिका मानिसहरूमा गुनासो रहेको छ र उनीहरूका बालबालिकालाईसरकारले छात्रवृत्ति प्रदान गर्नुपर्ने अपेक्षा राखेका छन् । यसै सन्दर्भमा एक जनजाति महिलाले यस्तो किसिमको प्रश्न उठाएकी थिइन् :

*हामीले कसरी छात्रवृत्ति पाउन सक्छौँ ? यहाँ केवल दलितहरूको लागि छात्रवृत्ति रहेको छ । हामी जस्ता मानिसलाई अहिले कसैले पनि सहयोग गर्दैनन् । को छ हाम्रो लागि ? हामी गरिब छौँ र हाम्रा बालबालिकालाईविद्यालय भर्ना गराउन निकै गाह्रो रहेको छ । (उत्तरदाता ९, महिला, जनजाति, २२)*

सरकारी विद्यालयहरूमा बालबालिका पढाउनका लागि पनि विद्यालयको शुल्क तिर्नुपर्ने आवश्यकता छ । परीक्षा शुल्क लगायत अन्य स्रोतहरूको उपभोगमा पनि शुल्क लाग्ने गर्छ (नेपाली र सहयोगीहरू, २०१३ः इप्स्टेन र युथास, २०१२ : पार्कर र सहयोगीहरू, २०१२) जुन चाहिँ दलित वर्गभन्दा अन्य पिछडिएका वर्गहरूमा एउटा चुनौतीको रूपमा रहेको छ ।

## ४.७. उत्तरदायित्व र वैधानिकता

यो खण्डमा विद्यालयले जनतालाई दिने सेवामा भएको पारदर्शिता, उत्तरदायित्व तथा उत्तरदायीपन कस्तो रहेको छ हेर्न खोजिएको छ । मानिसहरूको गुनासो सुनुवाइमा कस्तो प्रभावकारिता रहेको छ र आम मानिसले सरकारी सेवालाई प्रभावकारी तथा उत्तरदायी बनाउन कस्तो भूमिका निर्वाह गर्न सकेका छन्भन्ने विषयलाईयस खण्डमा प्रस्तुत गरिएको छ । मानिसले केन्द्रीय सरकारप्रति कस्तो धारणा व्यक्त गरेका छन् र राज्यको वैधानिकताको बारेमा उनीहरूको कस्तो प्रतिक्रिया रहेको छ भन्ने कुराको अध्ययन यहाँ गर्न खोजिएको छ । यो अध्ययनले देखाएअनुसार राज्यको वैधानिकता तथा केन्द्रीय सरकारप्रति मानिसको धारणामा विशेषगरी यी कुराहरूले प्रभाव पार्ने गरेका छन् :

- पहिलेदेखि नै सरकारको सेवा वितरण क्षमताप्रति मानिसकोआशा तथा सरकारले यी सेवा प्रदान गर्दाका प्रभाव
- केन्द्रीय सरकारको आधारभूत सेवा प्रभावकारी रूपमा प्रवाह गर्ने क्षमता र स्थानीय स्तरमा पनि उत्तरदायीरूपमा प्रवाह गर्न सक्ने क्षमता

### ४.७.१. शैक्षिक अधिकारीहरूको व्यवहार

नेपालको शिक्षा प्रणालीमा परम्परादेखिनै शिक्षकहरूले विद्यार्थीहरूलाई सजाय दिने प्रचलन रही आएको छ । उदाहरणका लागि–यदि कुनै विद्यार्थीले गृहकार्य नगरी विद्यालय आउँछ भने त्यो विद्यार्थी शिक्षकबाट पिटिन पनि सक्छघ ।

[३] मिश्रातथा सहयोगीहरूले सन् (२०१०) मा गरेको अनुसन्धान अनुसार विशेष गरी तीन प्रकारका सजाय विद्यालयमा दिइने गरिन्छ । यसमध्ये पहिलो, शारीरिक हो जसमा विद्यार्थीहरूलाई लठ्ठीले कुट्ने, कान तथा कपाल तान्ने, विद्यार्थीहरूलाई लामो समयसम्म हात उठाउन लगाउने, दोस्रो भावनात्मक सजाय जस्तै एक विद्यार्थीद्वारा अर्को विद्यार्थीको गालामा झापड हान्ने, गाली गर्ने, गधाको उपनामद्वारा बोलाउने र तेस्रो नकारात्मक शुद्धीकरणका सजाय जस्तै शौचालयमा थुन्ने, मौखिक चेतावनी दिने आदि रहेका छन् । नेपालमा विद्यार्थीहरुलाई शिक्षकहरूद्वारा अत्याधिक सजाय दिने प्रचलन रही आएतापनि शिक्षकहरूप्रति कुनै पनि किसिमका कारवाहीहरू हुने गरेका छैनन् । यस अध्ययनले यस्ता किसिमका शिक्षकहरूका गतिविधिमा थोरै मात्र परिवर्तन आएको जनाएका छन् ।

शिक्षकहरू तथा विद्यालयका अन्य अधिकारीहरूको विद्यार्थीप्रतिको व्यवहारले उनीहरूको शारीरिक तथा मानसिक विकासमा ठूलो प्रभाव पार्ने गरेको छ (रिमाल र पोखेल, २०१३ : मिस्रा र सहयोगीहरू, २०१०) । यो अध्ययनले विद्यालयका अधिकारीहरुद्वारा नकारात्मक व्यवहार गरिएको कुनै पनि गुनासोदेखाएको छैन । यसको एक मुख्य कारण भनेको विद्यार्थीहरूले आफूलाई गर्ने नकारात्मक व्यवहारको बारेमा अभिभावकहरूलाई केही भन्ने गरेका छैनन् अथवा अभिभावकहरूले त्यस्ता किसिमका सजायहरूलाई सामान्य रूपमा लिने गरेका छन् । विद्यार्थीहरूलाई सजाय दिने विषय नेपालमा स्वीकार्य रहँदै आएको छ (रिमाल र पोखेल, २०१३) । यस अध्ययनमा रहेको विद्यालय अति नै कडा रूपमा प्रस्तुत भएको देखिन्छ तर यसलाई पनि विद्यालयको अनुशासन कायम गर्न चालिएको कदमको रूपमा लिने गरिएको छ । एक उत्तरदाताको भनाइ यस्तो रहेको छ :

> *यस विधालयमा रहेका हेडमास्टर निकै नै कडा प्रवृत्तिका छन् र उनले अनुशासित तरिकाले विद्यालय संचालन गर्दै आइरहेका छन् जसका कारण विद्यार्थीहरू अनुशासित रहेका छन् ।विद्यालयको प्रगतिको अर्को एउटा मुख्य कारण यो पनि हो । यसको श्रेय हेडमास्टरलाई जानुपर्छ । (उत्तरदाता २, महिला, क्षत्री, २०)*

लिवाङ्गमा रहेको बाल कल्याण उच्च मा.वि.ले मानिसहरूलाई शिक्षकहरूले गरेका नकारात्मक व्यवहारहरूका बारेमा गुनासाहरू व्यक्त गर्ने माध्यम बनाएको छ । यसको सन्दर्भमा एक उत्तरदाताको भनाइ यस्तो रहेको छ :

> *समुदायले नै विद्यालय व्यवस्थापन समितिलाई सधैँभरि घचघच्याइरहनु पर्छ जसका कारण समितिले पनि विद्यालयलाई निरन्तररूपमा घचघच्याइरहन्छ । यसबाट विद्यालयमा सुधारहरूर अन्य परिवर्तनहरू देख्न सकिन्छ । (उत्तरदाता ३, महिला, क्षत्री, २०)*

शिक्षकहरूप्रति हुने गरेका गुनासाहरू उनीहरूले विद्यार्थीहरूप्रति गर्ने व्यवहार र सजायहरू भन्दा पनि खराबढङ्गले पढाउने तरिकामा विद्यार्थीहरूको अपेक्षाअनुसार सुधार नभएको अवस्थाप्रति बढी केन्द्रित रहेको पाइन्छ । तर मानिसहरूलाई शिक्षकहरूप्रति गुनासो गर्दा यसको सोझो प्रभाव उनीहरूका बालबालिकामा पर्न जाने डर पनि भेटिएको थियो । यसै सन्दर्भमा एक उत्तरदाताको धारणा यस प्रकार रहेको छ :

> *हामीले अहिलेसम्म शिक्षकहरूका बारेमा कुनै पनि किसिमका गुनासाहरूराखेका छैनौँ । यदि हामीले शिक्षकहरूका बारेमा कुनै पनि गुनासोहरू राख्यौँ भने उहाँहरूसँग हाम्रो सम्बन्ध बिग्रने सम्भावना हुन्छ । उहाँहरूले हाम्रा विद्यार्थीहरूलाई राम्रो शिक्षा प्रदान नगर्नुहोला । यो ठाउँ सानो भएका कारणले यहाँ सबैले सबैलाई चिन्ने गर्दछन् र हामी यस्ता कुराहरूबाट निकै नै चिन्तित छौँ । (उत्तरदाता १७, महिला, क्षत्री, ६७)*

मानिसहरूका यस्ता किसिमका प्रतिक्रियाहरूबाट हामी अनुमान लगाउन सक्छौँ कि विद्यालयमा विद्यार्थीहरूप्रति सजायहरूभएका हुनसक्छन् जुन बाहिर आउन सकेका छैनन् । एउटा सजायको किसिम जुन लिवाङ्गमा कैयौँ पटक उठ्ने गरेको छ–त्यो विद्यार्थीहरू विद्यालय उपस्थित नहुँदा तिर्नुपर्ने अतिरिक्त शुल्क रहेको छ ।

### ४.७.२. शैक्षिक बजेटको बाँडफाँड

यस अध्ययनमा सामेल अधिकांश उत्तरदातालाई शैक्षिक बजेट विनियोजन कसरी गरिन्छ भन्ने कुराको जानकारी थिएन । यस क्षेत्रमा मानिसहरूका बीचमा शैक्षिक बजेटका बारेमा छलफल गर्ने कुनै पनि संयन्त्रको विकास गरिएको छैन । उनीहरूलाई बजेटको विषयमा केही पनि जानकारी थिएन । यस अध्ययनमा सामेल केवल ३ जना उत्तरदाताले विद्यालयको आर्थिक बजेट वार्षिक रूपमा हुने गोष्ठीमा तय गरिने कुरा थाहा भएको बताए भनेत्यो पैसा कसरी चलाइन्छ भन्ने कुरा उनीहरूलाई थाहा नभएको जनाए । यसै सन्दर्भमा एक उत्तरदाता बजेट विनियोजनका विषयमा यस्तो धारणा राख्दछन् :

> *हामीलाई शिक्षाको बजेट विनियोजनको बारेमा कसरी थाहाहुन्छ ? हामीलाई यसको बारेमा केही पनि थाहाछैन । (उत्तरदाता ७, महिला, जनजाति, ६०)*

*मलाई बजेटको बारेमा केही पनि थाहा छैन । मेरो यस विषयमा कुनै पनिसरोकार रहेको छैन । (उत्तरदाता १३, पुरुष, दलित, ७१)*

*मलाई बजेटको बारेमा केही पनि थाहा छैन । मलाई केवल शिक्षाको बजेट केन्द्रीय सरकारबाट आउँछ भन्ने कुरा थाहा छ, त्यसबाहेक मलाई अन्य कुराहरू केही पनि थाहा छैन । (उत्तरदाता २०, पुरुष, जनजाति, ३७)*

*विद्यालयले वार्षिक कार्यक्रमहरूमा जानकारीहरू प्रदान गर्ने गर्दछन् र सो अवसरमा केवल औसतमा केही रकम आउने जानकारी गराउँछन् । यस भन्दा बाहेक केहीको पनि जानकारी गराउँदैनन् । (उत्तरदाता १७, महिला, क्षत्री, ६७)*

यस अध्ययनअनुसार, उत्तरदाताहरूबजेटका विषयमा त्यति धेरै जानकार देखिँदैनन् र उनीहरूलाई यसको विषयमा केही कुरा थाहा हुने गरेको छैन । शैक्षिक बजेटको बारेमा जानकारी प्रदान गर्न कुनै पनि किसिमका संयन्त्रहरू रहेका छैनन् र बजेटका विषयमा कुनै पनि जानकारी प्राप्त गर्न सक्दैनन् । तर विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले भने आफूहरूबाट बजेटको बारेमा जानकारी प्रदान गर्न सक्दो प्रयास गरिएको तर आफ्नो व्यस्तताका कारणले उनीहरू यसबारे बुझ्न इच्छुक नरहेको भन्ने बुझाइमा देखिन्छन् ।

### ४.७.३. गाविस र सरकारी कर्मचारीको भूमिकाप्रतिको धारणा

यस अध्ययनका क्रममा गाविसको शिक्षा क्षेत्रमा रहेको भूमिकाको सम्बन्धमा उत्तरदाताहरूकोदृष्टिकोण बुझ्ने काम गरेका थियौँ । प्रायः उत्तरदाताका विचारमा शिक्षा क्षेत्र तथा यसको राम्रो व्यवस्थापनमा न गाविस, न त केन्द्रीय सरकार, कसैको पनि मुख्य भूमिका रहेको छैन । मानिसहरूलाई शिक्षा क्षेत्रको बजेट केन्द्रीय सरकारबाट गाविसमार्फत आउँछ भन्ने बारेमा जानकारी रहेको छ तर उनीहरूलेशिक्षा क्षेत्रको सुधारमा गाविसको कुनै पनि किसिमको सकारात्मक भूमिका रहेको अनुभव गरेका छैनन् । यसै क्रममा एक उत्तरदाताको धारणा यस्तो रहेको छ :

*हैन, गाविसले शिक्षा क्षेत्रको बजेटमा केही पनि गरेको छैन । तर मलाई लाग्छ कि गाविसले पनि जनतालाई सेवा दिने सबै उत्तरदायित्वहरू लिनुपर्ने हुन्छ । (उत्तरदाता १, पुरुष, क्षत्री, ३०)*

*गविसले मानिसहरूको आवश्यकता र सेवाहरूका बारेमा कुनै पनि तरिकाको चासो देखाउन सकेको छैन । शायद यही नै कारण हो कि जसले गर्दा हामीले गाविसको सेवा प्रवाहमा कुनै पनि भूमिका देख्न सकेका छैनौं। (उत्तरदाता १७, महिला, दलित, ६७)*

यस अध्ययनमा रहेका उत्तरदाताहरू शिक्षा क्षेत्रको विस्तार तथा यसको प्रगतिमा गाविसको कुनै पनि योगदान तथा भूमिका नरहेको धारणा राख्ने गर्दछन् । उनीहरूका विचारमा गाविसले नियमित रूपमा दुवै विद्यालयको प्रगतिमा अनुगमन गर्नुपर्ने आवश्यकता रहेको छ र यस्ता किसिमका अनुगमनका अभावमा विद्यालयहरू उत्तरदायी हुन नसकेका दृष्टिकोण प्रस्तुत गरेका थिए । उत्तरदाताहरूका अनुसारयदि गाविसले नियमित रूपमा अनुगमन गर्ने हो भनेविद्यालय अझ बढी प्रभावकारी हुन सक्ने धारणा राख्ने गर्छन् :

*गाविस सीधारूपमा विद्यालयहरूसँग समावेश भई विद्यालयले कस्तो सेवा सुविधा प्रदान गर्दै आइरहेको छ त्यसको बारेमा अनुगमन गर्नुपर्छ र त्यसपश्चात मात्र सेवा प्रदान गर्दा उत्तरदायीरूपमा सेवा प्रदान गर्न सक्छन् । (उत्तरदाता १, पुरुष, क्षत्री, ३०)*

*हामी गाविसबाट प्राप्त सेवाहरूबाट सन्तुष्ट नभएतापनि हामीले यहाँबाट प्रदान गरिने सेवाहरूस्वीकार गर्नुपर्छ र यसमा चित्त बुझाउनुपर्छ । (उत्तरदाता ४, पुरुष, दलित, ४८)*

*गाविसले हामीलाई चाहिए बमोजिमको सेवा प्रदान गर्न असमर्थ छ । हामीले राज्यले पनि यी सेवाहरू प्रदान गर्न जिम्मेवारी लिएको देख्न सकेनौँ । (उत्तरदाता ५, क्षत्री, ४३)*

*गाविसले हाम्रो सेवा सुविधाको बारेमा के गर्न सक्छ र ? .. अहिले त गाविसको काम केवल सामाजिक भत्ता वितरण गर्ने मात्रै हो । (उत्तरदाता १८, पुरुष, क्षत्री, ३८)*

*गाविसले राम्रो तवरले कुनै पनि सेवाहरूमा अनुगमन तथा ध्यान पुर्‍याउन सकेको छैन । मानिसहरूले पनि गाविसको बारेमा केही पनि गुनासो गरेका छैनन्, जसका कारणले गाविसका अधिकारीहरू मानिसहरूलाई राम्रो सेवा दिनेतर्फ लाग्दैनन् । तर गाविसबाट अरू कामहरू जस्तै ट्वाइलेट निर्माणका लागि गाउँलेहरुलाई सहयोग हुँदै आएको छ । (उत्तरदाता २०, पुरुष, जनजाति, ३७)*

यस अध्ययनअनुसार विशेष गरी महिलाहरू गाविसको भूमिकाबाट अन्जान रहेको पाइएको छ । यसले शिक्षाक्षेत्रमा न गाविस, न केन्द्रीय सरकार, सेवा प्रवाहमा अपेक्षा अनुरुप भूमिका निर्वाह गर्न नसकेको भन्ने देखाउँछ । सन् २००२ देखि अहिलेसम्म हेर्दा नेपालमा कुनै पनि स्थानीय चुनाव हुन सकेको छैन जसले गर्दा मानिस र सरकारबीचको दूरी अझै पनि कायमै रहेको छ (उप्रेती र सहयोगीहरू, २०१२) ।

### ४.७.४. विद्यालय व्यवस्थापन समितिप्रतिको धारणा

यस अध्ययनमा रहेका दुवै विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहेका छन् । यी समितिमा नौ जना पदाधिकारी रहेका छन् र यो सरकारी मापदण्डअनुसार नै गठन गरिएको हो । समितिको मुख्य कार्य भनेको विद्यार्थी र शिक्षकहरूको प्रगति अनुगमन गर्ने, विद्यालयमा रहेका भौतिक पूर्वाधारहरूवृद्धि गर्ने र विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने जिम्मेवारी लिने गरेका छन् ।

लिवाङ्गमा रहेको विद्यालय व्यवस्थापन समितिले बुढागाउँको समितिभन्दा धेरै कामहरू गरी देखाएको छ । लिवाङ्गको समितिले विद्यालयको उचित व्यवस्थापनमा ठूलो भूमिका निर्वाह गर्दै विद्यालयलाई टेवा पुर्‍याउने कामहरू जस्तै विद्यालयको योजना बनाउने, अन्य श्रोतहरू खोज्ने, शिक्षकहरूको क्षमता वृद्धि गर्ने कामहरू गर्दै आएको छ । समग्रमा हेर्दा व्यवस्थापन समितिका कामलाई स्थानीय बासिन्दाहरूले निकै नै प्रोत्साहन गरेका छन् । तर प्रायजसो मानिसलाई व्यवस्थापन समितिले धेरै वर्षदेखि कामहरू गर्दै आइरहेतापनि यसका भूमिकाहरूबारे अझै पनि थाहा थिएन । यसका केही उदाहरणहरू यस्ता रहेका छन् :

*वास्तवमा मलाई विद्यालय व्यवस्थापन सम्बन्धी केही कुराथाहा छैन तर यसले पक्कै पनि हाम्राबालबालिकाको प्रगतिको लागि केही न केही काम गर्दै आइरहेको होला । (उत्तरदाता ५, पुरुष, क्षत्री, ४३)*

कोही उत्तरदाताहरू विद्यालय व्यवस्थापन समितिका अस्तित्वकाबारेमा जानकार थिए र उनीहरूको यसप्रति विभिन्न धारणाहरू थिए जुन यस प्रकार छन् :

*विद्यालय व्यवस्थापन समितिले विद्यालयका नियमहरू पालना गर्न मद्दत गर्दै आइरहेको छर विद्यालयको आचार संहिता पालन गर्न विद्यार्थी तथा शिक्षकहरूलाई उत्तरदायी बनाउँदै आएको छ । हो, यस समितिले राम्रो काम गर्दै आइरहेको छ । (उत्तरदाता ८, महिला, ब्राह्मण, २२)*

*शिक्षकहरूको योग्यतालाई राम्रो तरिकाले नियाल्नु निकै नै आवश्यक छ । समितिले विद्यालयको शिक्षा प्रणालीलाई राम्रो बनाउन मद्दत पुर्‍याउनुपर्छ तर उनीहरूले यो राम्रोसँग गर्न सकेका छैनन् । अयोग्य शिक्षकहरूलाई राम्रो तालिमको आवश्यकता रहेको छ । (उत्तरदाता १७, महिला, क्षत्री, ६७)*

*विद्यालयले निकै नै राम्रो काम गर्दै आइरहेको छ । विद्यालयका अधिकारीहरू जस्तै प्राध्यापक, शिक्षक र अभिभावकहरू सबै नै विद्यालयको गुणस्तर वृद्धि गर्न तत्पर रहेका छन् । (उत्तरदाता १८, पुरुष, क्षत्री , ३८)*

*विद्यालय व्यवस्थापन समितिले विद्यालयलाई निकै नै राम्रो बनाएको छ । व्यवस्थापन समितिको विद्यालयप्रतिको*

*जिम्मेवारी सन्तुष्ट नै रहेको छ र यसको प्रयासले एसएलसीको परीक्षाफल पनि राम्रो हुन गएको छ। व्यवस्थापन समिति र विद्यालय प्रशासन दुवैले नियमित रूपमा अनुगमन गरे विद्यालयको शिक्षा प्रणलीमा निकै नै राम्रो प्रगति हुनसक्छ। (उत्तरदाता २०, पुरुष, जनजाति, ३७)*

हाम्रो अध्ययन क्षेत्रमा रहेका समितिहरूले मानिसको शिक्षाप्रतिको जिज्ञासा र गुनासाहरू सम्बोधन गर्न निकै नै ठूलो भूमिका निर्वाह गर्दै आइरहेको छ। यी दुवै विद्यालयमा समितिले विद्यालयको परिचालकको भूमिका निर्वाह गर्दै आएको देखिएको छ।विद्यालयमा कुनै पनि किसिमका झैझगडाहरू हुन नदिने र शिक्षाको गुणस्तर कायम गर्न नियमित रूपमा अनुगमन र निरीक्षण गर्दै आइरहेको छ। यस सम्बन्धमा लिवाङ्गका एक उत्तरदाताको यस्तो धारणा रहेको छ :

*शिक्षा प्रणालीमा उनीहरूको चित्त बुझ्दैन भने पक्कै पनि उनीहरूलाई गुनासो र चिन्ता व्यक्त गर्ने अवसर दिनु पर्ने हुन्छ। समितिले मानिसहरूका गुनासा सुनी उनीहरूका समस्या हल गर्न मद्दत गर्दछ। पहिले अभिभावकहरूले आफ्ना बालबालिका विद्यालय नगईकन बाहिर डुलिरहने विषयमा विद्यालयसँग गुनासो राख्थे र समितिले यसै विषयलाई मध्यनजर राख्दै त्यो समस्याको समाधान गरी विद्यालयको समयमा कडा नियम ल्याएको थियो।(उत्तरदाता २०, पुरुष, जनजाति, ३७)*

यस अध्ययन अनुसार दुवै विद्यालयका समितिले मानिसहरूका समस्या समाधान गरेका निकै नै घटनाहरू छन्। तर दुवै ठाउँमा यस्ता मानिस पनि थिए जसलाई यस्ता किसिमका प्रक्रियाहरूको बारेमा केही पनि ज्ञान नै थिएन।

## ५. निष्कर्ष

रोल्पा जिल्ला नेपालको एक दशक लामो द्वन्द्वको उद्‌गम स्थल हो। यस द्वन्द्वले नेपालका विभिन्न सेवाका क्षेत्रमा असर पुर्‍याएको छ र यसमध्ये एक शिक्षा क्षेत्र पनि हो। विद्यालयहरू ध्वस्त बनाइएकाथिए, विद्यार्थीहरू तथा शिक्षकहरूलाई अपहरण गरिएको थियो, विद्यालयका भवनहरूमा सेना तथा माओवादी पक्षका क्याम्पहरू बनाइएकाथिए र विद्यालय सहज रूपमा संचालन गर्ने अवस्था रहेको थिएन। यद्यपि द्वन्द्वका बाबजुद पनि रोल्पामा रहेका विद्यालयहरूले शान्ति सम्झौता पश्चात राम्रो प्रगति गर्न सफल भएका छन्। विद्यालयमा द्वन्द्वको असर, स्रोतहरूको परिचालन हुन नसकेको अवस्था तथा जीर्ण राजनैतिक अवस्थाका बाबजुद पनि रोल्पा जिल्लामा रहेका विद्यालयहरू शिक्षाको प्रगतिमा प्रतिबद्ध रहेका छन्। तर पनि रोल्पा लगायत नेपालका सबै जिल्लाका विद्यालयहरूको विकास तथा गुणस्तर वृद्धिको लागि अझै पनि निकै काम गर्न बाँकी नै रहेको छ।

यस अध्ययनले देखाएअनुसार सरकारी स्तरमा स्थापना गरिएका विद्यालयहरूमा मूर्त रूपमा सुधारहरू भएका छन्। लिवाङ्गको उदाहरण लिने हो भने गतिशील नेतृत्वले गर्दा विद्यालयको गुणस्तरमा निकै नै प्रगति हुन सक्ने देखाएको छ। मानिसहरूमा विद्यालय तथा विद्यालयले प्रदान गर्ने शिक्षाप्रति निकै नै सन्तुष्टि देखिन्छ। विद्यालयमास्थापित व्यवस्थापन समितिले विद्यालयको व्यवस्थापनमा नयाँ उचाइ लिन सफल भएको छ र व्यवस्थापन समिति जनताप्रति निकै नै उत्तरदायी देखिन्छ। मानिसहरूमा पनि सरकारी विद्यालयप्रतिको आशा निकै नै बढ्दै गएको छ। उनीहरू विद्यालयको गुणस्तरमा वृद्धि गरी सरकारी विद्यालयपनि निजी विद्यालय सरह राम्रो हुनुपर्ने अपेक्षा गर्दछन्। शिक्षाको क्षेत्रमा द्वन्द्वपश्चात निकै नै महत्वपूर्ण प्रगति देखिएतापनि शिक्षाको गुणस्तरवृद्धि गर्न अझै पनि निकै धेरै काम बाँकी रहेको छ। यस विषयमा हेर्दा शिक्षामा देखिएको सुधारलाई मात्र मध्यनजर राखी यसका अन्य असफल पक्षहरूको मूल्याङ्कन नगरी सरकारप्रति सकारात्मक भावनावृद्धि भएकोर यसले प्रदान गर्ने सेवा सुविधाहरू वैध भएको स्थिति देखापरेको छ।

यस अध्ययनको उद्देश्य अनुरूप शिक्षाको पहुँचलाई विश्लेषण गर्न भौतिक, वित्तीय, सामाजिक तथा प्रशासनिक कारकहरूलाई लिइएको छ। विद्यालयको भौतिक पहुँचलाई सजिलो बनाउन सडक निर्माणले निकै मद्दत पुर्‍याएको

अवस्था छ । उत्तरदाताहरूलाई आफ्ना बालबालिकाहरू आफ्नो न्यून आयस्रोतका कारणले गर्दा निजी विद्यालयमा पठनपाठन गराउन निकै नै कठिन रहेको र यसै कारणले गर्दा बालबालिकाहरूलाई सरकारी विद्यालयमा पढाउने गरेको यस अध्ययनले देखाएको छ । यस अध्ययनले विद्यालयमा कुनै पनि किसिमको सामाजिक बाधा नरहेको र कुनै पनि किसिमको जातीय, सीमान्तीकृत वर्ग, दलित, महिलाको आधारमा विभेद नरहेको देखाएको छ । दलितहरूलाई त अझै छात्रवृत्ति र अन्य सेवा सुविधाहरूद्वारा शिक्षा ग्रहण गर्न प्रोत्साहन गरिएको छ । तर यी विद्यालयहरूमा महिला र पुरुषमा हुने भिन्नता प्रस्ट रूपमा देखिएको छ जुन कुरा छोरालाई निजी विद्यालयमा पढाउने र छोरीलाई सरकारी विद्यालयमा पढाउने प्रवृत्तिले प्रस्ट पारेको छ ।

यसका साथै,लिवाङ्गमा खासगरी विवाहित महिलालाई विद्यालयमा भर्ना लिने गरिएको छैन । यी विद्यालयमा कुनै पनि किसिमका प्रशासनिक बाधाहरू देखिएका छैनन् र यहाँका पदाधिकारीहरू पनि निकै सहयोगी, आत्मीय रमद्दत गर्ने खालका थिए । यसका साथै यहाँ कुनै किसिमको भ्रष्टाचार पनि पाइएको छैन । विद्यालयमा विद्यार्थीहरूको पहुँच मात्रैले पनि विद्यालयको गुणस्तरमा वृद्धि हुँदैन जुन यस अध्ययनका दुवै विद्यालयबाट देख्न सकिन्छ । ग्रामीण भेगमा भएका विद्यालयहरूका विभिन्न चुनौतीहरूका बाबजुद पनि मानिसहरूमा विद्यालयप्रति सकारात्मक धारणा रहेको छ ।

विद्यालयले दिने सेवा सुविधाको प्रभावकारिताको सम्बन्धमा पनि हामीले अध्ययन गरेका थियौँ । यस अध्ययनले विद्यालयबाट पाउने गरेका सेवा सुविधाहरूबाट मानिसहरू सन्तुष्ट नै रहेको देखाएको छ । लिवाङ्गस्थित विद्यालयले आफ्नो गुणस्तर वृद्धि गर्न सफल रहेको छ र विद्यालयको उपस्थितिमा निरन्तरता हासिल गर्न पनि सफल रहेको छ जुन कुरा बुढागाउँमा रहेको पाइँदैन । यी दुवै विद्यालयमा व्यवस्थापन समितिगठन गरिएका छन्। लिवाङ्गमा यो निकै नै सक्रिय रहेको पाइन्छ । सन्तुष्टिका हिसाबमा हेर्दा दुवै स्थानका मानिसका केही गुनासा थिएनन् । विद्यालयहरू सरकारी नै भएतापनि मानिसलाई त्यसको गुणस्तर राम्रो नै लाग्थ्यो र आफ्ना बालबालिकाहरूलाई सरकारी विद्यालयमा नै पठाइरहेका थिए । कुनै समयमा त मानिसहरू आफ्ना बालबालिकालाई निजी विद्यालयबाट सरकारी विद्यालयमा सार्ने गरेका थिए । स्रोतको हिसाबमा लिवाङ्गमा बढी स्रोत रहेको पाइन्छ । यस विद्यालयमा योग्य शिक्षक पनि पर्याप्त नै थिए र उनीहरू प्रभावकारी रूपमा काम गर्न सक्थे । विद्यालयले राम्रा तथा योग्य शिक्षक छान्ने गर्दथे । यसका साथै विभिन्न छात्रवृत्तिहरू पनि दिने गर्दथे । विद्यालयका यस्ता किसिमका गतिविधितथा प्रगतिशील कार्यले सरकारी विद्यालयले निजी विद्यालयलाई चुनौती पुऱ्याउँदै आएको तथ्यलाई दर्शाउने गर्दछ ।

यस अध्ययनका विद्यालयहरूजनताप्रति उत्तरदायी रहेका थिए । शिक्षकहरू आफ्ना विद्यार्थी र अभिभावकप्रति उत्तरदायी, मिलनसार र सहयोगी थिए । विद्यार्थीहरूप्रति विद्यालयका अधिकारीहरूका कुनै पनि नराम्रा व्यवहारहरू देखिएका छैनन् । विद्यालय व्यवस्थापनमा संलग्न व्यक्तिहरू व्यवस्थापनका क्रममा विद्यार्थीहरूलाई सजाय दिनुभन्दा पनि मैत्रीपूर्ण तवरले उनीहरूलाई पढ्न प्रोत्साहन गर्ने हो भने उनीहरू शिक्षामा बढी तल्लीन हुने मान्यता राख्छन् । विद्यालय व्यवस्थापनमा व्यवस्थापन समितिले मुख्य भूमिका निर्वाह गर्दै आइरहेको छ र मानिसहरूप्रति उत्तरदायी रहन सफल भएको छ जुन बुढागाउँमा तुलनात्मकरुपमा न्यून रहेको छ । मानिसहरूमा गाविसले शिक्षाक्षेत्रमा योगदान पुऱ्याउन नसकेको धारणा रहेको छ ।उनीहरू गाविसले कुनै पनि भूमिका निर्वाह नगरेको धारणा राख्दछन् । लिवाङ्गको विद्यालयको सन्दर्भमा व्यवस्थापन समितिले गरेका काम राज्यले गर्नुपर्ने कामसँग दाँजेर हेर्दा सार्थक रहेको देखिन्छ ।

नेपालको शिक्षा क्षेत्रलाई हेर्दा निकै नै सम्भावनाहरूलाई देख्न सकिन्छ । यस्ता किसिमका उदाहरणहरू अन्य सरकारी विद्यालयहरूमा पनि सजिलै कार्यान्वयन गर्न सकिन्छ जसले गर्दा सरकारी शिक्षा प्रणालीमा निकै ठूलो प्रगति हुन सक्ने अपेक्षा गर्न सकिन्छ ।

# सन्दर्भ सूची


**अर्याल, एम**. (२०१३) “नेपाल स्कोर्स लो अन क्वालिटी एजुकेशन” । (www.ipsnews.net/2013/07/nepal-scores-low-on-quality-education).

**क्याडेल, एम** (२००९) “प्राइभेट स्कूल्स एज ब्याटेलग्राउन्ड : कन्टेस्टेड भिजन अफ लिभिङ्ग एण्ड लाइभलिहुड इन नेपाल”, इन भट्ट, पी (इडी) एजुकेशन इन नेपाल. काठमाडौं : मार्टिन चौतारी : १२१_१४८.

**सेरिड** (२००२) स्कूल एफेक्टिभ्नेस इन नेपाल : अ सीन्थेसिस अफ इन्डिकेटर्स। रिसर्च सेन्टर फर एजुकेशनल इन्नोभेसन एण्ड डिभलप्मेन्ट। त्रिभुवन विश्वविद्यालय।

**चुवा, सी**. (२००४) “पर्सेप्सन अफ क्वालिटी इन हाइयस एजुकेशन”, प्रोसिडिङ्ग अफ द अस्ट्रेलियन युनिभर्सिटी क्वालिटी फोरम। मेलवर्न : अस्ट्रेलियन युनिभर्सिटिज क्वालिटी एजेन्सी।

**सिविन** (२००३) “कोएलिसन फर चिल्ड्रेन एज जोन अफ पिस : अ नेशनल क्याम्पेन टु प्रोटेक्ट चिल्ड्रेन फ्रम द एफेक्टस् अफ आर्म्ड कन्फ्लिक्ट इन नेपाल” चाइल्ड वर्कर्स इन नेपाल। (www.cwin.org.np/resources/issues/cic/coalition4czop.htm).

**दाहाल, डी.आर., गुरुङ्ग, वाई. वी., हेमचुरी, के. एण्ड स्वर्नाकर, डी**. (२००२). सिचुएस्नल एनेलेसिस अफ दलितस् इन नेपाल. काठमाडौं : एक्सन एड, केयर नेपाल, सेभ द चिल्ड्रेन युएस .

**एजुकेशनल पेज** (२०११). “थर्टिन थाउजेन्ड चिल्ड्रेन स्टिल आउट अफ स्कूल”, काठमाडौं.

**इप्स्टेन, एम.जे. एण्ड युथास, के**. (२०१२). “रिडिफाइनिङ्ग एजुकेशन इन द डिभलपिङ्ग वर्ल्ड ”, स्ट्यान्फर्ड सोसियल इन्नोभेसन रिभिउ (विन्टर २०१२)।

**एफइसी** (२०११). “अ स्टडी अन एफ्फेक्टिभ्नेस अफ कम्युनिटी म्यानेज्द स्कूल्स” काठमाडौं : फुलब्राइट एजुकेशन कन्सल्टेन्सी एण्ड द मिनिस्ट्री अफ एजुकेशन।

**नेपाल सरकार** (२०१३ए). “पब्लिक स्टेटमेन्ट अन इन्कम एण्ड एस्पेन्डिचर फर द फिस्कल यर २०१३_२०१४. १४ जुलाई. काठमाडौँ : नेपाल सरकार, अर्थ मन्त्रालय।

**नेपाल सरकार** (२०१३बी). नेपाल मिलेनियम डिभलप्मेन्ट गोल्स. प्रोगेस रिपोर्ट २०१३, काठमाडौँ : नेपाल सरकार, राष्ट्रिय योजना आयोग/युनाइटेड नेशन्स कन्ट्री टिम अफ नेपाल।

**नेपाल सरकार** (२०१४ए). “इस्टिमेट्स अफ एक्सपेन्डिचर फर फिस्कल इयर २०१३/१४”, काठमाडौँ : नेपाल सरकार, अर्थ मन्त्रालय।

**नेपाल सरकार** (२०१४बी). “बेसिक डिस्ट्रिक इन्फर्मेसन : रोल्पा”, वेस्टर्न अपल्यान्डस् पोभर्टी एलिभिएसन प्रोजेक्ट. काठमाडौँ : नेपाल सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालय (www.wupap.gov.np/Districts/26).

**नेपाल सरकार र राष्ट्रिय योजना आयोग** (२०१३). मिल्लेनियम डिभ्लप्मेन्ट गोल्स प्रोगेस रिपोर्ट। काठमाडौँ : नेपाल सरकार तथा राष्ट्रिय योजना आयोग।

**ज्ञवाली, टी.आर**. (२००९). “सोसियो इकोनोमिक इम्प्याक्ट अफ पोलिटिकल इन्सर्जेन्सी इन नेपाल”, जापान : मेइडा कोर्पेरिसन .

**कुलुङ्ग, एम.डी**. (२००८). “निजी विद्यालयमा पहुँच र सरोकारवालाको भूमिका” इन सुवेदी, जे. (इडि.) कसिमा निजी विद्यालय, काठमाडौँ : एजुकेशन जर्नलिस्टस् ग्रुप एण्ड एक्सन ऐड, नेपाल।

**लाओती, एम**. (२००७). लुकिङ्ग व्याक, लुकिङ्ग फर्वार्ड : सेन्ट्रलाइजेसन, मल्टिपल कन्फ्लिक्टस्, एण्ड डेमोक्रेटिक स्टेट विल्डिङ्ग इन नेपाल. वासिङ्गटन डिसी : इस्ट वेस्ट सेन्टर।

**मिश्रा, एन., ठाकुर, के.के., कोइराला, आर., श्रेष्ठ, डी., पौडेल, आर. एण्ड भ्nा, आर.** (२०१०). "कर्पोरल पनिस्मेन्ट इन नेपलिज स्कूल चिल्ड्रेन : फ्याक्टस्, लिगलिटिज एण्ड इमप्लिकेसनस", जर्नल अफ नेपाल पेडिएट्रिक सोसाइटी ३० (२): ९८_१०९.

**नेपाली, आर., फेयर, के.आर. एण्ड खड्का, एच.बी.** (२०१३). "सवअल्टनर्स पर्सेप्टिभ अन गभर्नमेन्ट स्कोलरसिप टु दलित चिल्ड्रेन : अ केस स्टडी अफ बाडभञ्ज्याङ्ग _ १, वसुन्डोल", सोसियल इन्क्लुजन रिसर्च फण्ड सेक्रेटेरियट, एसएनभी नेपाल, बखुण्डोल, ललितपुर ।

**राष्ट्रिय योजना आयोग** (२०१२). "नेपाल पब्लिक एक्सपेन्डिचर ट्र्याकिङ्ग स्टडी अन प्राइमरी एजुकेशन", काठमाडौँ : राष्ट्रिय योजना आयोग र नेपाल सरकार ।

**पन्त, बी., पार्कर, एस., एण्ड स्टान्डिङ्ग, के.** (२०१२). "कट इन द क्रसफायर : चिल्ड्रेनस् राइट टु एजुकेशन ड्युरिङ्ग कन्फ्लिक्ट _ द केश अफ नेपाल १९९६–२००६". चिल्ड्रेन एण्ड सोसाइटी (५) : ३७२_३८४ ।

**फेराली, टी., स्मिथ, ए., एण्ड भौक्स, टी.** (२०११) "अ पोलिटिकल इकोनोमी एनेलाइसिस अफ एजुकेशन इन नेपाल" (http://eprints.ulster.ac.uk/30667/1/Pherali_Smith_Vaux_(2011)AugFull1FINAL-FINAL.pdf).

**पौडेल, एल.** (२००७). "पावर, नलेज एण्ड पेडागोजी : एन एनेलेसिस अफ एजुकेशन एक्सक्लुजन अफ दलित इन नेपाल". पिएचडी थेसिस, युनिभर्सिटी अफ केन्ट, (http://create.canterbury.ac.uk/12118).

**पौड्याल, सी.एस.** (२०१३). "प्राइभेट स्कूलिङ्ग एण्ड फायोल्स् प्रिन्सिपल अफ म्यानेजमेन्ट : अ केस फ्रम नेपाल", जर्नल अफ एजुकेशन एण्ड रिसर्च ३(१) : ६–२३ ।

**रिमाल, एच.एस., एण्ड पोख्रेल, ए.** (२०१३). "कोर्पोरल पनिस्मेन्ट एण्ड इट्स एफेक्टस् इन चिल्ड्रेन", जर्नल अफ काठमाडौँ मेडिकल कलेज २(३) ।

**सेभ द चिल्ड्रेन** (२०१०). पिस वाइ पिस : मेनस्ट्रिमिङ्ग पिस एजुकेशन इन साउथ एसिया : लर्निङ्ग एण्ड रेकमेन्डेसन्स् फ्रम अफगानिस्तान, नेपाल, पाकिस्तान र श्रीलंका . सेभ द चिल्ड्रेन स्विडेन ।

**श्रेष्ठ, बी.के.** (२०१३). "पब्लिक पर्सेप्सन अफ द क्वालिटी अफ एकेडेमिक एजुकेशन प्रोग्राम", जर्नल अफ एजुकेशन एण्ड रिसर्च ३(१) : ५२–६४ ।

**उप्रेती, वी.आर., केसी, एस., मालेट, आर., एण्ड बाबाजानियन, वी. (विथ प्याकुराल, के., घिमिरे, एस., घिमिरे, ए., एण्ड शर्मा, एस. आर.)** (२०१२). "लाइभलिहुडस्, बेसिक सर्भिसेज एण्ड सोसियल प्रोटेक्सन इन नेपाल", एसएलआरसी वर्किङ्ग पेपर ७ . लण्डन : ओभर्सिस डिभलप्मेन्ट इन्स्टिट्यूट एण्ड नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च (एनसिसिआर) ।

**उप्रेती, वी.आर., उप्रेती, पी., ह्यागेन-जाल्ङ्कर, जे., केसी, एस एण्ड मालेट, आर.** (२०१४). सर्भेइङ्ग लाइभलिहुडस्, सर्भिस डेलिभरी एण्ड गभर्न्यान्स : वेसलाइन एभिडेन्स फ्रम नेपाल. एसएलआरसी वर्किङ्ग पेपर १३ . लण्डन : ओभर्सिस डिभलप्मेन्ट इन्स्टिट्युट एण्ड नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च (एनसिसिआर) ।

**उप्रेती, वी.आर.** (२००६). आर्म्ड कन्फ्लिक्ट एण्ड पिस प्रोसेस इन नेपाल : द माओइस्ट इनसर्जेन्सी, पास्ट नेगोसिएसन एण्ड अपर्चुनिटिज फर कन्फ्लिक्ट ट्रान्सफर्मेसन. नयाँ दिल्ली : एड्रोइट पब्लिसर्स ।

**भौक्स, टी., स्मिथ, ए., एण्ड सुब्बा, एस.** (२००६). एजुकेशन फर अल – नेपाल : रिभिउ फ्रम कन्फ्लिक्ट पर्सपेक्टिभस् . काठमाडौँ : इन्टर्नेसनल अलर्ट ।

**वर्ल्ड एजुकेशन** (२०११). "प्रोजेक्टस् वाई रिजन नेपाल". http://www.worlded.org/WEIInternet/projects/ListProjects.cfm?Select=Country&ID=266